महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## पौवादुङ्मा गाउँपालिका, भोजपुर

## ८०१०७५०४३००

## पौवादुङ्मा गाउँपालिका , भोजपुर

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-२३

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
पौवादुङमा गाउँपालिका, भोजपुर ,
पौवादुङ्मा गाउँपालिका , भोजपुर

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।५।२४ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुनबमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित ब्यहोराका सम्बन्धमा ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका ब्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृत।कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

डुलहरि दाहाल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय , सिंहदरबार, काठमाडौं,
account.section@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
भोजपुरः, bhojpur.dtco@fcgo.gov.np

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ११८.८ वर्ग किलोमिटर तथा १२,१०७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्धेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।२० देखि २०८१ ।५।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको व्ययतर्फ जम्मा रु. ५१,५८,९७,४७९।- (एकिकृत आर्थिक विवरण अनुसार) को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण बेरुजु दफा नं. २ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.११५३५३।- असुली भई सञ्चित कोष दाखिला भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| गा पा चालु | बढी दैनिक भ्रमण भत्ता भूक्तानी | ८९२०.०० | २०८१/५/२४ | नेपाल इन्भेस्टमेन्ट मेगा बैंक |
| गा पा चालु | बढी दैनिक भ्रमण भत्ता भूक्तानी | १३९८०.०० | २०८१/५/२४ | नेपाल इन्भेस्टमेन्ट मेगा बैंक |
| संघीय सशर्त | रूद्र प्रसाद फुयाल बढी दैनिक भ्रमण भत्ता भूक्तानी | ५१० | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | फुर्वा तामाङ्ग बहाल कर | १००० | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | पञ्चकन्या प्रा.वि.श्यामशिला इन्टरनेट खर्च | १२००० | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | शिक्षक तीर्थ प्रसाद खनाल पारिश्रमिक कर | ७४५६ | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | सामाजिक सुरक्षा बढी खर्च | २७७५४ | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | मुलायम सिंह यादव बहाल कर | २२५० | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | गेहेन्द्र प्रसाद उपाध्याय बढी भ्रमण खर्च | २२३१ | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | इटहरी ट्राभल्स एण्ड टुर्स बहाल कर | ७१७ | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | मायालु मोक्तान बहाल कर | १३६० | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | बम बहादुर कार्की पारिश्रमिक कर | ९३७३ | ०८१।६।८ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | रामकुमार राई | १२७७० | ०८१।६।९ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | सिताराम काफ्ले | ३७५८ | ०८१।६।९ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | मनोज कुमार खड्का | ३७५८ | ०८१।६।९ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | ठाकुर भण्डारी | ३७५८ | ०८१।६।९ | राष्ट्रिय वाणिज्य बैंक |
| संघीय सशर्त | मोहन शर्मा | ३७५८ | ०८१।६।९ | राष्ट्रिय वाणिज्य बैंक |
| | **जम्मा** | **११५३५३** | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी धरौटी अन्य कोष समेत | | ४२९२९५७० | १ | चालु खर्च तथा पूँजीगत खर्च | | ३४१०८३६६० |
| | क) नगद | | ० | | चालु खर्च | २४३४७४१९२ | ० |
| | ख) बैँक | ४२९२९५७० | ० | | पूँजीगत खर्च | ९७६०९४६८ | ० |
| २ | राजस्व (आन्तरिक आय) | | ६९१९१०७८ | २ | धरौटी खर्च र मौज्दात | | ९१३७७६२ |
| | क) आन्तरिक राजस्व | ५५९१९८२ | ० | | धरौटी मौज्दात | ८९०६७०२ | ० |
| | ख) राजस्व बाँडफाँड संघ | ६३५९९०९६ | ० | | धरौटी खर्च | २३१०६० | ० |
| ३ | वित्तीय हस्तान्तरण संघ | | २७१०६७००० | ३ | कोष खर्च र मौज्दात | | २५६८३६५६ |
| | क) वित्तीय समानीकरण अनुदान | ७४०२८००० | ० | | कोष खर्च | १६३८८१२५ | ० |
| | ख) सशर्त अनुदान | १७१३८९००० | ० | | कोष मौज्दात | ९२९५५३१ | ० |
| | ग) समपूरक अनुदान | ११८००००० | ० | ४ | बैँक मौज्दात संचित कोष | | १६२७४१०१ |
| | घ) विशेष अनुदान | १३८५०००० | ० | ५ | शसर्त अनुदान फिर्ता | | २३२४०१०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त | | १७४७१००० | ६ | IPFMS बाट भूक्तानी | | ९२७४०८९२ |
| | क) वित्तीय समानीकरण अनुदान | ४६०३००० | ० | | सामाजिक सुरक्षा भत्ता | ६५५४३२८९ | ० |
| | ख) सशर्त अनुदान | ३११८००० | ० | | एकिकृत स्वा पूर्वाधार वि का | २१०६८०३७ | ० |
| | ग) समपुरक अनुदान | ९७५०००० | ० | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४०००० | ० |
| ५ | IPFMS बाट भूक्तानी | | ९२७४०८९२ | | पर्यटन पूर्वाधार कार्यक्रम | ४४६६७५९ | ० |
| | सामाजिक सुरक्षा भत्ता | ६५५४३२८९ | ० | | गरिवसंग विश्वेश्वर | १४२२८०७ | ० |
| | एकिकृत स्वा पूर्वाधार वि का | २१०६८०३७ | ० | ७ | बिभाज्य कोष फिर्ता | | १४१४३१ |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४०००० | ० | ८ | पेश्की बाँकि | | ७५९२१०१ |
| | पर्यटन पूर्वाधार कार्यक्रम | ४४६६७५९ | ० | ९ | कर कट्टि दाखिला बाँकी | | ३७७७ |
| | गरिवसंग विश्वेश्वर | १४२२८०७ | ० | | जम्मा | | ५११५८९७४७९ |
| | धरौटी आय | | ५३८१५८७ | | | | |
| ६ | कोष तर्फको आय | | १५६१४०५० | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | गत बर्षको पेश्की अ ल्या | | १५०२३०३ | | | | |
| | जम्मा | | ५१५८९७४७९ | | | | |

सैद्धान्तिक बेरुजु

३ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६६,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ५५,९१,९८१।६४ अर्थात अनुमान भन्दा १५.२८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,५५,४३,२८९। एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,१०,६८,०३७।- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. २,४०,०००।- पर्यटन पूर्वाधार कार्यक्रम रु. ४४,६६,७५९।- रु. ४४,६६,७५९।- समेत गरी रु. ९,२७,४०,८९२।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **कर कट्टि दाखिला बाँकीः**

गाउँपालिका कृषि तर्फको भौ. नं. २६ र २७ मिति २०८१।३।२४ बाट अग्रिम आय कर रु. ३,७७७।- र संघीय हस्तान्तरित चालुको भौ. नं. १६० र १६१ मिति २०८१।३।२४ मा रु. १६,३९३।- को दोहोरो दाखिल हुन गई जम्मा रु.२०,१७०।- प्रणालीले कट्टि दाखिला हुन बाँकी भनि प्रतिवेदन गरेको पाइयो । यस सम्बन्धमा एउटा खर्च भौचरको कट्टिको दोहोरो भौचर उठान भई बैंकबाट समेत खर्च भईसकेको सम्बन्धमा प्रणालीले दायित्वमा नै देखाईरहेकोले रु.२०,१७०।- फरक परेको भन्ने पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

६ **फरक हिसाबः**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ९,६८,०४५।-, यस वर्षको प्राप्ति रु. ९,२७,४०,८९२।-,यस वर्षको भुक्तानी रु. ९,२७,४४,६६९। र बैङ्क मौज्दात रु.१९,९५,१४१। फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ४२९०४७०२.५२ | ३७६७२९५७३.६८ | ३८७१७४१७३.५३ | ३२४८११९२.६७ |
| एकीकृत आर्थिक विवरण अनुसार | ४३८७२७४७.५२ | ४७०५२२४२८.६८ | ४७९९१८८४२.५३ | ३४४७६३३३.६७ |
| फरक | ९६८०४५ | ९३७९२८५५ | ९२७४४६६९ | १९९५१४१ |

उक्त सम्बन्धमा गत आ.ब. को अ. ल्या. रु. ९,६८,०४५।- मध्ये रु. ९,४३,१७८। को.ले.नि.का. धरौटी खातामा धरौटी अ. ल्या. र रु. २४,८६७। आ.ब.०७९।८० को कर दाखिला गर्न बाँकी देखिएकोले फरक पर्न गएको तथा यस बर्षको प्राप्ती रु. ९,३७,९२,८५५।- IPFMS तर्फको कार्यक्रमको निकासा रकम फरक परेको र यस बर्षको भूक्तानी सम्बन्धमा IPFMS तर्फको कार्यक्रमको खर्च रु. ९,२७,४०,८९२।- र सुत्र प्रणालीले दोहोरो कर दाखिला गरि गलत प्रतिवेदन गरि कर दाखिला बाँकी देखाएको रु.३,७७७। समेत रु. ९,२७,४४,६६९।- फरक परेको साथै बैक मौज्दातमा रु. १९,९५,१४१। को.ले.नि.का. धरौटी खातामा धरौटी मौज्दात रहेको फरक परेको भन्ने पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

७ **बैङ्क हिसाब विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरी स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १६२७४१००.७१ | १६२२९१७९.५२ | ४४९२१.१९ |
| बैङ्क | | जम्मा | |

यस सम्बन्धमा आ ब को अन्तमा आन्तरिक राजस्व खातामा रहेको रु.४४,९२१.१९ मिति २०८१।५।१८ गते मुल संचित कोष खातामा ट्रान्सफर भएको प्रमाण पेश भएको छ ।

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता भई गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाइयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २२५५००० | २२८९०१२.९७ | १०१.५ |
| घरजग्गा वहाल कर | ११०००० | २०७३६२.९ | १८८.५१ |
| व्यवसाय कर | ४००००० | १६५९५५ | ४१.४८ |
| सिफारिश दस्तुर | ७४५००० | ११३२७४९ | १५२.०४ |
| व्याक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ४९५००० | ०.९९ |
| अन्य | २५९०००० | १३०१९०१.७७ | ५०.२६ |
| | ६६००००० | ५५९१९८१.६४ | ८४.७२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

११ **आन्तरिक आयः**

आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४७१७३४५७.६१ | ५५९१९८१.६४ | १.६१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१६५९५५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका ११२ वटा योजनामा कुल रु.११,७१,६९,७८८.७२ बजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.५लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखदेखि २० | रु.२० लाखमाथिका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | | लाख सम्मका योजना सङ्ख्या | |
| १ | पालिकास्तरीय | ५० | १९ | १८ | १३ |
| २ | वडास्तरीय | ६२ | ५८ | ४ | ० |
| | जम्मा | ११२ | ७७ | २२ | १३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित ११२ योजना मध्ये १०५ योजनामात्र कार्यान्वयन भई ७ योजना कार्यान्वयन हुन सकेको देखिएन । कार्यान्वयन नहुनुमा समानीकरण अनुदान बापतको रकम ९३ प्रतिशत मात्र निकासा भएको पालिकाले जनाएको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।९ मा रु.४९ करोड ८४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ्इ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १०३ | १८ | २ | २ | ५ |

सैद्धान्तिक बेरुजु

१७ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०,३६,९९,२६६।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **क्षेत्रगत बजेट र खर्चको स्थिति:**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२४११००० | ७११३४५९ | ५७.३२ |
| २ | सामाजिक विकास | २१७८९०२०० | १९०१६४५६८.४ | ८७.२८ |
| ३ | पूर्वाधार विकास | ८२८५३७८८.७२ | ७५८२३९०६ | ९१.५२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९७२३००० | ६८७०७३९ | ७०.६६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८४७०९५३८.२३ | ६७२००७८५.७१ | ७९.३३ |
| कुल जम्मा | | ४०७५८७५२६.९५ | ३४७१७३४५८.११ | ८५.१७ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ९१.५२ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ५७.३२ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१९ **खर्च विश्लेषण:**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५५,९१,९८१.६४ राजस्व बाँडफाँड र अनुदानबाट रु.३५,२१,३७,०९६.०६ समेत रु. ३५,७७,२९,०७७.७ आम्दानी भएकोमा चालु तर्फ रु.२४,३४,७४,१९१.६१ र पूँजिगत तर्फ रु. १०,३६,९९,२६६.० समेत रु . ३४,७१,७३,४५७.६१ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.६१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ४८,००,१६७।- खर्च भएको छ जुन आन्तरिक आयको ८५.८४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८३.८३ प्रतिशत चालु र ८८.५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **त्रैमासिक पूँजीगत खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक

पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च | |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | | |
| पुँजीगत खर्चतर्फ | १०३६९९२६६ | ३२७८०८८ | ८४४८८७३ | ३७८२२१९४ | ५४१५०१११ | ३३७९४४०२ | |
| प्रतिशत | १०० | ३.१७ | ८.१५ | ३६.४७ | ५२.२१ | ३२.५८ | |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. १०,३६,९९,२६६।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ३२,७८,०८८।- (३.१७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८४,४८,८७३।- (८.१५ प्रतिशत) तेस्रो त्रैमासिकमा रु ३,७८,२२,१९४।- (३६.४७ प्रतिशत) चौथो त्रैमासिकमा रु ५,४१,५०,१११।- (५२.२१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३,३७,९४,४०२ (३२.५८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **औषधि खरिदः**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सवै बजेट उप शीर्षकबाट देहायका फर्मसँग रु. १०,४६,६६१। को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | १९ | मूल्य नखुल्ने |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | २९ | ७७७०८९५.८ |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न | २१० | नखुल्ने |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | विभिन्न | नखुल्ने | नखुल्ने |

सैद्धान्तिक बेरुजु

२६ **कानून निर्माण र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ७१ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ३ वटा नियमावली, २९ कार्यविधि लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२७ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष थप भएको ५ गरी कुल ५ विवाद दर्ता भएकोमा ३ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न २८ व्यक्तिहरुलाई रु. ४,००,०००। आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५५,९१,९८१.६४ को ७.१५ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सेवाप्रवाहको स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ३७२ |
| मृत्युदर्ता | १४७ |
| बसाईसराई आएको | ९ |
| बसाईसराई गएको | ११९ |
| विवाह दर्ता | १६४ |
| सम्बन्धविच्छेद दर्ता | २७ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | २ कि.मि. |
| कालोपत्रे सडक मर्मत | उल्लेख नभएको |
| ग्राभेल सडक निर्माण | उल्लेख नभएको |
| ग्राभेल सडक मर्मत | उल्लेख नभएको |

सैद्धान्तिक बेरुजु

३० **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी सञ्चालन हुने गरेको पाइयो । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | एम्बुलेन्स | नखुलेको | २७३००० | ८९६८८३ | ४५३०००. | यकिन गर्न नसिकएको | यकिन गर्न नसिकएको |

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **एम्बुलेन्स आम्दानीः**

पालिकामा संचालनमा रहेको एम्बुलेन्सबाट यस वर्ष रु ४,५३,०००।आम्दानी र खर्च भएको विवरण पेश भएन । पालिकाले पालिका भित्रको ७० वर्ष माथिका जेष्ठ नागरिक, सुत्केरी तथा गर्भवती महिलाका लागि निशुल्क र पालिका बाहिरको जेष्ठ नागरिक र गर्भवति महिलालाई ५० प्रतिशत छुट र अन्यलाई शत प्रतिशत भाडा लिने गरी स्थान विशेषलाई ध्यानमा राखेर न्यूनतम रु.१,०००।- देखि अधिक्तम रु.२९,०००।- सम्म भाडा वापत लिने गरेर कार्यपालिकाले निर्णय गरे अनुरुप रसिद काटी शत प्रतिशत छुटलाई समेत रसिदमा निशुल्क लेखिएको पाइयो । यस वर्ष गर्भवति तथा सुत्केरी संख्या ७७ जनालाई निःशुल्क र जेष्ठ नागरिक तथा अपाङ्गता भएको २७ जनालाई ५० प्रतिशत छुट गरी जम्मा १०४ जनालाई वार्षिक एम्बुलेन्स सेवा उपलव्ध गराएको छ । जिन्सी शाखा प्रमुखले रसिद बुझाएको अभिलेखबाट रसिद ठेली नम्बर परीक्षण गरी २०८०।८१ मा ३ वटा ठेली ३३०१ देखि ३३५० सम्म र १५५१ देखि १६०० तथा १९०१ देखि १९५० सम्मा रसिद प्रयोग भएको देखियो । तीनै वटा रसिद ठेलीबाट रु. ४,५३,०००।आम्दानी तथा रु. ४,१९,०४७।- दाखिला देखिन्छ । यसरी आम्दानी भन्दा कम बैंक दाखिला भएको रकम एकिन गरि बैंक दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | ३३,९५३ |
|---|---|

३२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, इन्जिनियर, लेखा अधिकृत सहित ७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । त्यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ १८ कर्मचारीको रु.१,१९,७०,६९९। र पालिकाका २१ कर्मचारीको रु. १,७१,००,४४७। समेत रु.२,९०,७१,१४६। खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | २ | ४ |

सैद्धान्तिक बेरुजु

३५ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाँड शीर्षकबाट कर्मचारी कल्याण कोषमा रु. २०,००,०००। ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यस बर्ष पालिकाले वडा नं. २ मा कार्यरत कार्यालय सहयोगी बल बहादुर तिवारीलाई अनिवार्य अवकास हुदा औषधि उपचार उपदान र संचित विदा समेतको रु.१४,८०,८८२ भूक्तानी दिएको पाइयो । यस्तो कोषमा रकम जम्मा गर्न, सोको लेखाङ्कन गर्न र खर्च गर्न आवश्यक पर्ने कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३६ **सवारी साधन खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले देहाय अनुसार दुई पांग्रे र चार पांग्रे सवारी साधन खरिदमा रु. ४५६८००।- बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | २ | ४५६८०० |
| | जम्मा | | |

सैद्धान्तिक बेरुजु

३७ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **इन्धन खर्चः**

प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७९ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष इन्धन

(पदाधिकारी) रु. ८,००,०००।, इन्धन कार्यालय प्रयोजन रु.२०,००,००। र इन्धन अन्य प्रयोजन रु.२,००,०००। समेत रु. ३०,००,०००। इन्धन खर्च गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरि स्विकृत एवं कार्यान्वियन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **कर्मचारी फिल्ड भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले ९ जना कर्मचारीलाई वर्ष भरी फिल्ड भत्तामा रु. ६,२४,०००/- खर्च गरेको कारण आर्थिक व्ययभार बढ्ने देखिएकोले भत्ता वितरणमा मितव्ययिता अपनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **म्याद ननाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायको फर्म वा निकायलाई रु. ७५,९२,१०१। पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| भौ नं र मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| ९/२०८०/०९/०५ | प्रशासकिय भवन सङ्घीय सरकारसँग साझेदारी | आवरण मेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि | ३४, ४० , ७३०.०० |
| ३८/२०८०/११/३० | प्रशासकिय भवन सङ्घीय सरकारसँग साझेदारी | आवरण मेटल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि | २६, ४९ , ०६८.०० |
| ९/२०८१।३।३१ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | कौशल बस्नेत/सारा सृष्टि मकालु जे भी | १५०२३०३. |
| | | जम्मा | ७५९२१०१. |

सैद्धान्तिक बेरुजु

४१ **राजस्व दाखिला:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । यस बर्ष देहाय बमोजिमको राजस्व नगदी रसिदको प्रयोग गरि राजस्व दाखिला भएको पाइयो । रसिद प्याडहरु पालिकाले छपाइ गरि आम्दानी गरेको र खर्च गरेको प्रमाणित विवरण पेश भएको छैन । के कति रसिद छपाई गरेको रसिद ठेलीको आम्दानी र खर्च तथा मौज्दातको विवरण पेश नगरेकोले प्रयोग भएको रसिदको सम्बन्धमा एकिन हुन सकिएन । यस बर्ष रु.२,४६,८५०। नगदी रसिदबाट आम्दानी देखाएको छ । यस सम्बन्धमा पालिकाबाट आवश्यक छानविन गरी सम्पुर्ण रसिदबाट भएको आम्दानीलाई दुरुस्त अभिलेखांकन गर्नुपर्दछ ।

| रसिद नं देखि | सम्म | आम्दानी | कैफियत |
|---|---|---|---|
| ३३५१ | ३४०० | १४१०० | मानेडाँडा अस्पतालबाट संकलन |
| ११५० | १२०० | ८१५० | मानेडाँडा अस्पतालबाट संकलन |
| ७०१ | ७५० | २०५०० | सुत्र भन्दा पहिले संकलन |
| ७५१ | ८०० | ३०६५५ | निकासी कर संकलन |
| १७५१ | १८०० | २२४९५ | निकासी कर संकलन |
| ८५१ | ९०० | ४२७३५ | निकासी कर संकलन |
| ९०१ | ९५० | ३३६६५ | निकासी कर संकलन |
| ९५१ | १००० | ३५२५० | निकासी कर संकलन |
| ८०१ | ८५० | ३९३०० | निकासी कर संकलन |
| | जम्मा | २४६८५० | |

सैद्धान्तिक बेरुजु

४२ **राजस्व असुलीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाभित्रका ६ वडाहरुको रु.३३,३७,७८५.२१ र पालिकाबाट रु.२२,५४,१९६.४३ गरि जम्मा रु. ५५,९१,९८१.६४ आम्दानी गरेकोमा वडाबाट कार्यालयबाट मासिक रुपमा बैक दाखिला गर्ने गरेको छ । वडा कार्यालयले मिति २०८०।८।१३ सम्म सफ्टेक कम्पनीको कर संकलन प्रणाली नामक सफ्टवेयरबाट राजस्व संकलन भएकोमा उक्त मिति पछि सुत्र प्रणालीबाट संकलन भएको उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

४३ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा खर्च संकेत नं. २२७११ विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, निमन्त्रण तथा भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत र अतिथि सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ । कार्यालय संचालनको लागि कर्मचारी तथा पदाधिकारीलाई खाना खर्च वापतको रकम भुक्तानी गर्न मिल्ने देखिदैन । पालिकाले यस वर्ष खाना, खाजा तथा विविधतर्फ रु. ३३ लाख ३९ हजार खर्च गरेको छ । त्यस्तै सभा संचालन कार्यमा रु २ लाख ९९ हजार खर्च गरेको छ ।उक्त व्याख्या र वर्गीकरण अनुसार खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **भ्रमण अभिलेख तथा प्रतिवेदनः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राखी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमणमा रू.२४ लाख ६८ हजार र अनुगमन, मूल्यांकन शीर्षकमा रू. ४ लाख ८० हजार गरी जम्मा रु २९ लाख ४८ हजार खर्च गरेको देखिएको छ । भ्रमण खर्च गर्दा मितव्ययी तवरबाट गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयां सामान खरिद गरेकोमा पुराना पाटपूर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत शीर्षकमा रू. २५ लाख ९९ हजार खर्च गरेकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **गरिवसँग बिश्वेश्वरः**

संघीय सरकारको यस कार्यक्रम अन्तर्गत रु.१४,२२,०००। खर्च भएकोमा ४ जना कर्मचारीको तलब भत्तामा रु. ८,२०,०००।-(६७प्रतिशत)¬ खर्च भएको छ । वडा नं.१ स्यामशिला, वडा नं. २ तिवारीभञ्जाङ, वडा नं. ३ च्याङग्रे, तथा वडा नं. ६ ठुलो दुम्मा गरि ४ वटा वडामा प्रत्येक वडाको लागि रु.१,५०,०००। का दरले समूहहरुमा जम्मा रु. ६,००,०००। (३३प्रतिशत) कार्यक्रममा खर्च भएको छ । कार्यक्रममा भएको खर्च भन्दा तलब भत्तामा भएको खर्च ३३ प्रतिशतले बढी देखिदा कार्यक्रमको प्रभावकारीता देखिएन । कार्यक्रमको मूल्यांकन गरि त्यसबाट परेको असर तथा प्रभावका बिष्लेषण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **उपभोक्ता समितिको कार्यमा ठेकेदार वा निर्मण ब्यवसायी प्रबेशः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को ३ मा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय स्रोत साधन तथा सीपको प्रयोग हुने, महिला, बालबालिका, पिछाडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, बातावरण संरक्षण तथा संबर्दन गर्न सघाउ पुर्‍याउने भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्‍याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ । ब्यवस्था रहेको छ । सोही ऐनको उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्ट्रीव्युटर विटुमिन ब्वाइलर जस्ता हेभि मेसिन प्रयोग गर्न सकिने छैन । तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सीफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिनेछ । उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्मपन्न गर्नु पर्नेछ र कुनै निर्माण ब्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन । कुनै कारणबस सो समिति वा समुदाय आफैले समयमा सो काम सम्मपन्न गर्न नसक्कने भएमा सो कुराको सुचना सर्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरि सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्नेछ ।सो नियमावलीको नियम (१३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संगल्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाषलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्ने र निर्माण ब्यवसायीलाई कालोसुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु

पर्नेछ । पालिकाले सडक तथा गोरेटो बाटो निर्माणमा मात्र मेसिन प्रयोग गरि उपभोक्ता समिति मार्फत निर्माण ब्यावसायीहरुको कर विजक पेश भई हेभि मेसिन प्रयोग गरि भुक्तानी गरेको देखिन्छ । पालिकाले योजना छनौट गर्दा पालिका भित्रको जनातको जीवनमा प्रत्यक्ष योगगदान पुर्‍याउने, परिमाण मुखि, प्रत्यक्ष रोजगारी सृजना, आय बृद्धि आर्थिक प्राविधिक बातावरणीय हिसावले उपयुक्त, जिवनस्तर उकास्ने खालका तथा एकता अभिबृद्धिमा सघाउ पुर्‍याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तपसिल बमोजिमका उपभोक्ता समिति गठन गरि सम्झौता भएका आयोजनाहरुमा निर्माण ब्यवसायीहरु संलग्न गराई योजनाको काम गरेको तथा सम्बन्धित सार्वजनिक निकायको प्राविधिकको सिफारिस तथा सहमति विना हेभि मेशिन प्रयोग गरि योजना सम्पन्न गरेको हुँदा त्यस प्रकारका योजनहरु संचलानमा पालिकाको ध्यान जान जरुरी छ । यस्ता कार्यमा सुधार गर्नुपर्ने देखिन्छ । यस्ता प्रकारका कार्यहरुका केहि उदाहरुणहरु देहायनुसार छन ।

| | सडकको नाम | निर्माण ब्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ५२।२०८०।१२।३० | साबुङ गैरी गाउँ कृषि सडक विस्तार | भिषणहाङ कन्स्ट्रकसन प्रा ली | ९०००० |
| ५५।२०८१।०१।०२ | टोल नं५ शिखरे डाँडा र देउराली सडक | मकालु निर्माण सेवा/ भिषणहाङ कन्स्ट्रकसन प्रा ली | ७१५००० |
| ५७।२०८१।०१।१८ | चेप्लेटोल कृषि सडक स्तरोन्नती | छरछरे निर्माण सेवा | २९७८०५ |
| ५८।२०८१।०१।१८ | खम्बुक सिम्बोले वाक्टेन कृषि सडक | छरछरे निर्माण सेवा | ६००००० |
| ५९।२०८१।०१।१८ | कामीटार सडक स्तररोन्नती | मकालु निर्माण सेवा | २८०००० |
| ६५।२०८०।०२।०६ | सन्तानेश्वर सडक स्तरोन्नती | मकालु निर्माण सेवा | २५०००० |
| १४।२०८०।०९।१९ | घिसिङ डाँडा सडक निर्माण | मुक्कुमुलुङ कन्स्ट्रकसन प्रा ली | ८०००० |
| ७१।२०८१।२० | मार्से सडक निर्माण | मकालु निर्माण सेवा | १७०००० |
| ८३।२०८१।३।५ | फरेनटाङ डाँडाटोल खस्टेन कुवाटोल कृषि सडक | छरछरे निर्माण सेवा | १३४००० |
| १०७।२०८१।०३।२३ | टोल नं १ कोक्ताङ जाने सडक निर्माण | छरछरे निर्माण सेवा | २२६०२५ |
| | कुल जम्मा | | २८४२८३० |

सैद्धान्तिक बेरुजु

४८ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको पाइयो । बर्षान्तमा एकपटक आन्तरिक लेखापरीक्षण गरि अन्तिम लेखापरीक्षणको केहि समय अगाडीमात्र प्रतिवेदन दिएको पाइयो ।यसरी ऐनको पालना गरि आन्तरिक लेखापरीक्षण त्यसको कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **पौवादुङ्मा गाउँपालिकाको साँस्कृतिक अध्ययानः**

सार्वजनिक खरिद ऐन,२०६३ को परिच्छेद ४ दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसकेमा वा नभएमा आर्थिक प्रस्ताव माग गरि कुनै व्याक्ति फर्म संस्था वा कम्पनीबाट सेवा परामर्श खरिद गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले पौवादुङ्मा गाउँपालिकाको साँस्कृतिक अध्यायन गर्नको लागी नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र काठमाडौ बाट सबै भन्दा कम आर्थिक प्रस्ताव रु ३,९५,०००।– प्राप्त भई कार्य संचालन गर्नको लागी पेश्की माग भई आएकोमा पालिकाले कर विजक प्राप्त नभई तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभई पौवादुङ्मा गाउँपालिकाको साँस्कृतिक अध्यान बजेट शीर्षक बाट सिधै बजेट खर्च लेखेको हुँदा नियम संगत नभएको रु.

| मिति र गो भौ | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|
| २०८०।०६।२३।२७ | नेपाल प्राज्ञिक प्रतिष्ठान अनुसन्धान केन्द्र | १, ३० , ००० |
| कुल जम्मा | | १३०००० |

| अनियमित भएको | १,३०,००० |
|---|---|

५१ **प्रमाण पेश नभएकोः**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्नेछ । गो भौ नं २०१ मिति २०८०।११।२१ पालिकाले खेलकुद कार्यक्रम तथा कार्यालय सामग्री खरिद शीर्षक बाट रु. ४२,८५०।- बराबरको जर्सि तथा फुटबल खरिद गरेको देखिन्छ । सो जर्सी तथा फुटबल कसले माग गरेको हो जिन्सी दाखिला तथा हस्तानतरण कसलाई भएको हो प्रमाण पेश गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ४२,८५० |
|---|---|

५२ **अन्य कार्यालयको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । पालिकाले विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत ठूलो परिमाणमा भुक्तानी दिने गरेको पाइयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था सिर्जना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमितता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।

केहि उदाहरणहरु:-

| सि. नं . | ब. उ . शि . नं . | गो. भौ ./ मिति | अन्य कार्यालयको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | गाउँ पालिका चालु | ३६६।३।४ | प्रहरी चौकी माने डाँडाँ | प्रहरी चौकी व्यवस्थापन | ९०००० |
| २ | गाउँ पालिका चालु | २३९।१२।८ | इलाका प्रहरी कार्यालय, तिवारी भञ्ज्याङ्ग | मौलो पुजा | १९००० |
| ३ | गाउँपालिका पूँजिगत | १०५।०८१।३।२३ | भोजपुर जिल्ला अदालत बार इकाई | फर्निचर खरिद | ४०००० |
| | जम्मा | | | | १४९००० |


https://nams.oag.gov.np

| सैद्धान्तिक बेरुजु |
|---|

५३ **दोहोरो सुविधाः** ( १७०,१७१-२०८०-११-८):

पालिकाले बजेट शीर्षक "कर्मचारी तालिम खर्च तथा बार्षिक कार्य प्रगति प्रतिवेदन" र लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैगिक उत्तरदायि बजेट निर्माण शीर्षकबाट स्थानीय तह संस्थागत क्षामता स्वमूल्याङकन सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गर्नको लागी प्रशिक्षक द्वय श्री योगराज गाउँले र सुमित्रा अधिकारीसँग सम्झौता मिति २०८०।०८।१९ मा गरेको देखिन्छ । जसमा सम्झौता मुताविक पहिलो तालिम २०८०।०८।२० देखि २२ सम्म र दोस्रो तालिम २०८०।०८।२३ देखि २४ सम्म संचालन भएको देखिन्छ । निज प्रशिक्षकहरुलाई आउन जानको लागि दैनिक भ्रमण भत्ता र यातायात खर्च उपलब्ध गराएकोमा तालिम संचालन अवधि भरको पनि दैनिक भ्रमण भत्ता उपलब्ध गराएको हुँदा असुल गरि स्थानीय संचित कोष खातामा जम्मा गराउन हुन रु.

| क्र स | प्रशिक्षक | दै भ भ भुक्तानी मिति | दिन | रकम | जम्मा |
|---|---|---|---|---|---|
| १ | योगराज गाउँले | २०८०।०८।२० देखि २२ सम्म | २ | १६०० | ३२०० |
| २ | सुमित्रा अधिकारी | २०८०।०८।२० देखि २२ सम्म | २ | १६०० | ३२०० |
| ३ | योगराज गाउँले | २०८०।०८।२३ देखि २४ सम्म | २ | १६०० | ३२०० |
| ४ | सुमित्रा अधिकारी | २०८०।०८।२३ देखि २४ सम्म | २ | १६०० | ३२०० |
| | कुल जम्मा | | | | १२८०० |

| असुल गर्नुपर्ने | १२,८०० |
|---|---|

५४ **वितरणमूखी तथा अनुत्पादक खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमू खी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ । वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सीमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ ।यो वर्ष पालिकाले देहायका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धिमूलक भएको देखिएन । अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु पर्दछ ।

| गो भ नं/ मिति | ब उ शि नं | कार्यक्रम तथा संस्था | भुक्तानि रकम |
|---|---|---|---|
| ४७४।३।२३ | पालिका चालू | दुङ्गाली भाषा अभिलेखिकरण( पुस्तक छपाई ) | १५०,००० |
| ३१६।२।२० | पालिका चालू | नेवार जातिको पुरोहित प्रशिक्षण कार्यक्रम | ५०,००० |
| २८२।१।२० | पालिका चालू | हावु साकेला समाज पोशाक व्यवस्थापन | १००,००० |
| २६११२।३० | पालिका चालू | किराँतेश्वर शिव मन्दिर व्यवस्थापन | १७४,००० |
| जम्मा | | | ४७४,००० |

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **गाउँपालिका पात्रो निर्माणः** (३२७-२०८१-२-४):

गाउँपालिकाले मुठ्ठी इन्टर प्राइजेज प्रा.लि. धापासी काठमाण्डौ मार्फत २०८१ सालको भित्ते पात्रो ३५०० थान रु ८३ का दरले तथा टेवल पात्रो १५०० रु १०१ का दरले छपाइ गरी कुल रु ४९९,४६० खर्च लेखेको विवरण उपलब्ध गराएको छ । त्यसरी छपाई गरिएको पात्रोहरु क-कसलाई के कति मात्रामा वितरण भएको हो सो को अभिलेख तथा प्रमाण खुल्न नसकेकोले यस्तो प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४,९९,४६० |
|---|---|

५६ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३को दफा ८, सार्वजनिक खरिद नियमावलि, २०६४ को दफा ४ र ५ ,आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नु पर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोग कर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम (५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ । साथै नियम ९६ को उपनियम (२)(३) र (४) मा भएको व्यवस्था बमोजिम दुईपाङग्रे तथा चार पाङग्रे सवारी साधन मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश लिई गर्नुपर्नेमा नलिई मर्मत सम्भार गरेको देखिएकोले मर्मत खर्च शीर्षकमा भएको रु. ११,८१,०९२।- नियमित हुनुपर्दछ ।

| मिति र गो भौ | सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|
| २०८०।०९।०८ | आशिष सभिसिङ्ग सेन्टर | २३४१८९ |
| २०८०।११।१४ | हाम्रो लेगुवाली वर्क सप | १३३२५० |
| २०८०।१२।०५ | हाम्रो लेगुवाली वर्क सप | १९९७०० |
| २०८०।१२।०७ | कुवेर अटो | २५११५४ |
| २०८१।०३।११ | कुवेर अटो | १०४४७१ |
| २०८१।०३।२३ | हाम्रो लेगुवाली वर्कसप | १५३५३४ |
| ३१२-२०८१।०२।२० | कुवेर अटो | ५८९१९ |
| १०९-२०८१।०३।२३ | हाम्रो लेगुवाली वर्कसप | ४५४७५ |
| कुल जम्मा | | ११८१०९२ |

| अनियमित भएको | ११,८१,०९२ |
|---|---|

५७ **अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमः**

पालिकाको रु.१,००,०००।- र प्रदेश सरकारको रु. ६,००,०००।- समेत जम्मा रु. १६,००,०००।- खर्च भएको छ। यस्तो कार्यक्रम पालिका, प्रदेश सरकार र करुणा फाउण्डेसनको त्रिपक्षीयय साझेदारीमा संचालन भई रहेकोमा हाल करुणा फाउण्डेसन लागत साझेदारीबाट बाहिरिएको र प्रदेश सरकारको अनुदान क्रमश घटिरहेको पाइयो । यस बर्ष कर्मचारी तलबमा मात्र रु. ५,१५,०००।- भन्दा बढी खर्च भएकोमा कार्यक्रममा भन्दा भन्दा कर्मचारीको तलब भत्तामा बढी खर्च भएको देखिदा कार्यक्रम लक्षित बर्ग केन्द्रित भएको पाईएन। यस सम्बन्धमा गाउँपालिकाबाट उपलब्ध जनशक्तिबाट यस किसिमका कार्यक्रम गर्नु उपयुक्त देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **प्राकृतिक श्रोतको रोयल्टीः**

कोशी प्रदेश आर्थिक ऐन-२०८० को दफा ७(१), अनुसुचि-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रु.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण समाग्रीमा रु.६ प्रति घन फिटको का दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाईएन। पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामाग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का समेत लगाएको छैन । विभिन्न योजनाहरुमा स्थानीय खोलनाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामाग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा गरेको पाईएन । पालिकाबाट विभिन्न योजनामा प्रयोग भएको निर्माण सामाग्री बापतको रोयल्टी रकम एकिन गरी असुल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **प्रविधि हस्तान्तरणः** (१५७-२०८१-३-१४):

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निर्देशिका बमोजिम पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रममा रु.१,४०,०००। बिनियोजन गरेकोमा एड्भान्स तालिममा बिनियोजन भएको रु.२,४०,०००।- समेत समावेश गरी एस.एस. सप्लायर्स(६१२४५८२२०)बाट ४ वटा मिनिटिलर र ३ वटा कम्वाइन मिल रु.४,२५,०००।- मा खरिद गरी देहायका २ समूहका अध्यक्षलाई बुझाएको पाइयो । पालिकाबाट हस्तान्तरित प्रविधि उद्यमकर्ताले प्रभावकारी ढंगबाट उपयोगमा ल्याउनुपर्ने व्यवस्थाका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

| क्र.सं. | प्रविधि पाउने उद्यमीको नाम ठेगाना | समूह | सामग्रीको नाम | प्रति इकाइ मुल्य (मुअक समेत) | बुझिलिएको संख्या | जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वासुदेव ढकाल, वडा नं . २ | परिवर्तन कफी उत्पादक लघु उद्यमी समूहको अध्यक्ष | मिनिटिलर | ६५०००. | ४ | २६००००. | |
| २ | जिता राई, वडा नं . ६ | दुङमाली कफी उत्पादक लघु उद्यमी समूहको अध्यक्ष | कम्वाइन मिल | ५५०००. | ३ | १६५०००. | |
| | जम्मा | | | | | ४, २५ , ०००। | |

सैद्धान्तिक बेरुजु

६० **संस्थालाई अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार बिकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित सहकारी लगायत निजी स्वामित्वका संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । कार्यालयले निम्न महासंघ तथा प्रतिष्ठान लगायतका संस्थालाई विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएको पाइयो । यसरी निजी संस्थाहरुलाई भुत्तानी दिनु नियमसम्मत देखिएन । यसरी भुक्तानी भएको रकम नियमित हुनु पर्दछ । केहि उद्दाहरणहरु

| सि.. नं . | ब. उ . शि . नं . | गो. भौ . /मिति | संस्थाको नाम | खर्च/अनुदानको प्रकार | खर्च/अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका पूँजिगत | २०।०८०।१०। १७ | अरुण बहुउद्देश्यीय अध्यातमित प्रतिष्ठान | फर्निचर खरिद | ९९४४० |
| २ | गाउँ पालिका चालु | ५१३।३।२४ | पत्रकार महासंघ, भोजपुर | डिजिटाईजेशन तथा कम्प्युटर व्यवस्थापन | ४९९००० |
| | | | | जम्मा | ५९८४४० |

| अनियमित भएको | ५,९८,४४० |
|---|---|

६१ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार रु.९९०४००।- खर्च गरेको छ।उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको रु....

| सि.नं. | ब. उ . शि . नं . | गो. भौ./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | खुद भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका पूँजिगत | ११७।०८१। ३।२४ | वडा कार्यालय भवन निर्माण तथा ब्यबस्थापन उ.स. वडा नं.-३ | वडा कार्यालय भवन निर्माण तथा ब्यबस्थापन | १३, ७८ , ७४७ | ९, ९० , ४०० |
| | | | | जम्मा | १३७८७४७ | ९९०४०० |

| अनियमित भएको | ९,९०,४०० |
|---|---|

६२ **कर्मचारी करारः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा राजस्व बाँडफाडतर्फबाट २३ जना कर्मचारीहरु करारमा राखी रु. ७७,३८,०६८। र सशर्त शीर्षकबाट स्वास्थ्य करारमा ११ जना विभिन्न पदमा करार राखी पारिश्रमिक रु. ३३,४१,०००। गरी जम्मा रु. १,१०,७९,०६८। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले यस बर्ष ९ कार्यालय सहयोगीको रु. २,४७,०००।- खानेपानी हेरालु १ जना को रु. २,२४,९००। तथा अध्यक्ष ज्यूको स्वकीय सचिवको रु. ४,२७,७२६। गरि जम्मा रु.८,९९,६२६। खर्च गरेको पाइयो ।

| सैद्धान्तिक बेरुजु |
|---|

६३ **स्वास्थ्य कार्यक्रमतर्फ**

६३.१ **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाबाट उपलब्ध तथ्याङ्कअनुसार पालिकामा स्वास्थ्यतर्फका ३१ जना दरबन्दी रहेकोमा १७ जना स्थायी पदपूर्ति भएको, १० जना करारमा कार्यरत रहेको र ४ जना रिक्त रहेको देखिन्छ । पालिकाले यो वर्ष स्वास्थ्यतर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराई तलब भत्तामा रु. ८४,८४,६६७।- खर्च

लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । स्वास्थ्यतर्फका कर्मचारीहरुको दरबन्दी र पदपूर्तिको अवस्था देहायबमोजिम रहेका छन्

| क्र. सं. | पद | दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | छैठौ | ७ | ३ | ० | ० |
| २ | हे. अ | ६ | २ | २ | ० |
| ३ | अ. हे. व. | ६ | ६ | ० | ० |
| ४ | अ. न. मी. | १२ | ६ | ८ | ४ |
| ५ | बैध | ० | ० | ० | ० |
| | जम्मा | ३१ | १७ | १० | ४ |

सैद्धान्तिक बेरुजु

६३.२ (८०-२०८१-१-२७):

**चाडपर्व खर्चः** स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ४२ मा स्वास्थ्य सेवाका कर्मचारीले धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको लागि कर्मचारीले खाइपाइ आएको एक मिहनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउने र यस्तो रकम कर्मचारीले एक आर्थिक वर्पमा एक पटकमा आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्ने व्यवस्था छ । त्यसै गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८७ मा नियुक्त हुने कर्मचारीले हाजिर भएको मितिले तीन महिनाभित्र आफूले चाडपर्व खर्च लिन मुख्य चाडपर्व र सो चाडपर्व पर्ने सम्भावित महिनाको सम्बन्धमा सम्बन्धित कार्यालयलाई लिखित रुपमा जानकारी गराउनुपर्ने व्यवस्था छ । पालिकामा यस वर्ष देहायका ५ जना कर्मचारीहरुले चाडपर्वबापतको खर्च रकम बैशाख महिनामा रु. १,६८,१६६।- भुक्तानी लिएको छ । पालिकाले नियममा भएको व्यवस्था बमोजिम चाडपर्व खर्च भुक्तानी दिने समय अभिलेखीकरण गरी सोही बमोजिम भुक्तानी गर्नुपर्ने देखिन्छ ।

| क्र. सं. | कर्मचारीको नाम | नियुक्ती मिति | चाडपर्व भत्ता भुक्तानी भएको महिना | चाडपर्व |
|---|---|---|---|---|
| १ | हे. अ . कविता कारी भट्ट | २०८०।१०।८ | बैशाख | ३४७३० |
| २ | हे. अ . सुदिप कुमार खड्का | २०८०।१०।२ | बैशाख | ३४७३० |
| ३ | अ. न . मी . गंगा देवी चौधरी | २०८०।८।१९ | बैशाख | ३२९०२ |
| ४ | अ. न . मी . विमला राई | २०८०।८।१९ | बैशाख | ३२९०२ |
| ५ | अ. न . मी . पिंकी कुमार यादव | २०८०।८।१९ | बैशाख | ३२९०२ |
| | जम्मा | | | १६८१६६ |

सैद्धान्तिक बेरुजु

६३.३ **खोपको अवस्थाः** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, भोजपुरबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई तल उल्लेखित ११ प्रकारका खोपको लागि ७९३० डोज प्राप्त भएकोमा २८३४ डोज प्रयोग भएको र ५०९६ डोज खोप खेर गएको पालिकाबाट उपलब्ध विवरणबाट देखिन्छ । प्राप्त डोजमध्ये ६४.२६ प्रतिशत खेर गएको देखिएकोले खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| खोपको प्रकार | प्राप्तडोज | प्रयोगभएको डोज | फिर्ताभएको डोज | खेरगएको |
|---|---|---|---|---|
| B.C.G | ११४० | १०८ | ० | १०३२ |
| RDTA | ३६० | २७४ | ० | ८६ |
| O.P.V | ७२० | ४२० | ० | ३०० |
| F.I.P.V | ६९५ | ३०० | ० | ३९५ |
| pcv | ६६० | १६५ | ० | ४९५ |
| DPT, Hep-B, Hib | ७८० | ४२९ | ० | ३५१ |
| M.R | १४१० | २५८ | ० | ११५२ |
| J.E | ५१० | १०२ | ० | ४०८ |
| TCV | ३५५ | १५१ | ० | २०४ |
| TD | ६९० | १७७ | ० | ५१३ |
| कोभीडकोफाइजर खोप | ६१० | ४५० | | १६० |
| जम्मा | ७९३० | २८३४ | ० | ५०९६ |

सैद्धान्तिक बेरुजु

६३.४ **न्यानो झोला कार्यक्रमः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० को बाँकी ३४ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा १०० थान न्यानो झोला खरिद गरेको देखन्छ । पालिका अन्तर्गत रहेका ५ वटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका ७३ जना सुत्केरी आमाहरुलाई ७४ वटा बितरण गरी पालिका र पालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरमा ६० वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । वर्थिङ्गसेन्टरगत सुत्केरी गराएको र न्यानो झोला बितरण गरी बाँकी रहेको विवरण देहायबमोजिम रहेका छन्

| क्र. सं . | बर्थिङ्गसेन्टरको नाम/ वडा नं . | सुत्केरी संख्या | न्यानो झोला बितरण | बाँकी मौज्दात |
|---|---|---|---|---|
| १ | श्यामसिला स्वास्थ्य चौकी | १ | १ | २ |
| २ | तिवारिभञ्ज्याङ | १२ | १२ | १५ |
| ३ | च्याङग्रे | १७ | १८ | १५ |
| ४ | वास्तिम | ३० | ३० | १५ |
| ५ | ठुलोदुम्मा | १३ | १३ | १३ |
| | जम्मा | ७३ | ७४ | ६० |

सैद्धान्तिक बेरुजु

६३.५

**औषधि उपचार खर्चः** मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी ६ जना, डायलाइसिस रोगी २ र मृगौला प्रत्यारोपण १ जना गरी ९ जनालाई जम्मा रु. ४,८०,०००।- भुक्तानी दिएको देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

६३.६ (१५९-२०८१-३-२४):

**भरपाई पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन शीर्षकबाट काउली ३ ग्राम, बन्दा ३ ग्राम,मुला, पालक,रायो र चमसुर १०/१० ग्राम भएको सिड किट सेट प्रति सेट रु.३८०। का दरले ५०० सेट (पोका) रु.१,९०,०००।- बाहुनी कृषि भण्डार (६१४३९८७९१)बाट खरिद गरेको देखियो । उक्त खरिद गरिएका सिड किट सेट वितरण भएको प्रमाण संलग्न भएको नदेखिएकोले भरपाई पेश हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | १,९०,००० |
|---|---|

६३.७ **औषधि खरिदः** पालिकाले आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि संघीय सशर्त चालु ८०१०७५०७५०१ बजेट उप शीर्षकबाट रु.१३,२२,४६५।- (मु.अ.क. सहित) को औषधि सोझै खरिद गरेको पाइयो । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छ

**(क) लागत अनुमान तयारी तथा खरिदः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्थाबमोजिम औषधि खरिदका लागि लागत अनुमान तयार गरेको पाइएन । पालिकाले आपूर्तिकर्ताहरुबाट दररेट माग गर्ने र सोहो दररेटमध्य कम दररेट भएको आपूर्तिकर्ताबाट सम्झौता समेत नगरी खरिद गर्ने गरेको पाइयो ।

| क्र.सं. | भौ.नं./मिति | आपूर्ति कर्ताको नाम | बापत | लागत अनुमान | विजक नं./मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | ११०-०८१।३।१३ | याशोदा फर्मा ट्रेडर्स -६०८४१९६१५ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | ० | १९१-०८०।१२।२५ | २१६४०३ |
| २ | १०६-०८१।३।११ | यती हिमालयन सर्जिमेड प्रा.लि.(६१९७१२०७९) | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | ० | २१०,२११,२१२,२१३,-०८१।१।१८ | ८३०२५८ |
| ३ | १२५-०८१।३।२० | उमा सर्जिकल एण्ड सप्लायर्स (१०८७३३४९५) | स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ० | ६९,७०-०८१।३।९ | २७५८०४ |
| | | जम्मा | | | | १३२२४६५ |
| | | | | | | |

**(ख) औषधिको नाम र मुल्यः** पालिकाकामा आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाई दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकामा खरिद भएका र प्राप्त भएका औषधिमा "नि:शुल्क वितरणको लागि" भन्ने लोगो वा शब्द उल्लेख भएको हुनुपर्नेमा पालिकाको भण्डार शाखामा मिति २०८१।५।२१ मा परीक्षण गर्दा केही औषधिमा मुल्य लेखिएको पाइयो । मुल्य लेखिएको औषधि बिक्री बितरण समेत हुनसक्ने हुनाले सही सदुपयोग नभई दुरूपयोग समेत हुनसक्ने जोखिम देखिएकोले पालिकाले औषधिको सही उपयोग गर्ने सम्बन्धमा अनुगमन गरी पूर्ण उपयोगको सुनिश्चितता हुनुपर्दछ । त्यसैगरी म्याद सकिएको औषधि समेत देखिएकोले पालिकाले पहिचान गरी म्याद सकिएको औषधि समयमा नै नष्ट गर्नुपर्दछ । मुल्य लेखिएका ५ औषधिको नाम र मुल्य देहायबमोजिम उल्लेख गरिएको छः

| क्र. सं. | औषधिको नाम | औषधिको म्याद | मुल्य |
|---|---|---|---|
| १ | Amoxicillin 500mg | March,2026 | Rs. 80 for 10 tab |
| २ | Niko | May, 2025 | Rs. 30 for 1 botal |
| ३ | Sodium Valproate 300mg | Sep, 2026 | Rs. 42.27for 10 tab |
| ४ | Azitrox 500mg | April, 2026 | Rs. 300 for 10 tab |
| ५ | Paracetamol 500mg | Feb, 2025 | Rs. 10 for 10tab |

सैद्धान्तिक बेरुजु

६४ **शिक्षा तर्फः**

६४.१ **पालिकाको शैक्षिक अवस्थाः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गत रहेका विद्यालयहरुमा कक्षा ८ मा २३२ जना, कक्षा १० मा १९६ र कक्षा १२ मा १२४ जना विद्यार्थी अध्ययनरत रहेको देखिएकोमा अन्तिम परीक्षामा कक्षा ८ मा २२९ जना, कक्षा १० मा १८९ र कक्षा १२ मा १२२ विद्यार्थीमात्र सहभागी भएको देखिन्छ । पालिकाबाट संचालित कक्षा ८, एस.ई.ई.र कक्षा १२ परीक्षाको नतिजा हेर्दा ग्रेड A+ ल्याउनेको संख्या देखिएन । पालिकाको एस.ई.ई.को नतिजा अनुसार १३ जना र कक्षा १२ को परीक्षामा १९ जना मात्र पास भएको देखिनुले पालिकाले शैक्षिक गुणस्तर अभिबृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८, १० र १२ को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुको नतिजा देहाय बमोजिम रहेको छः

| क्र.सं. | GPA | GRAD | कक्षा ८ | एस.ई.ई. | कक्षा १२ |
|---|---|---|---|---|---|
| १ | ०.८-१.२ | D | ० | ० | ० |
| २ | १.२-१.६ | D+ | ० | | |
| ३ | १.६-२.० | C | २ | ० | ० |
| ४ | २.०-२.४ | C+ | ५१ | २ | २ |
| ५ | २.४-२.८ | B | ९९ | ३ | ९ |
| ६ | २.८-३.२ | B+ | ३४ | ८ | ८ |
| ७ | ३.२-३.६ | A | १८ | ० | ० |
| ८ | ३.६-४.० | A+ | ० | ० | ० |
| **जम्मा** | | | २०४ | १३ | १९ |

सैद्धान्तिक बेरुजु

६४.२ (५९-२०८०-११-१५):

**बुक कर्नरः** कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं.२.७.१३.५० मा ECD मा कार्यरत विद्यार्थीलाई प्रति विद्यार्थी रु.५००, कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई प्रतिविद्यार्थी रु.१५०, कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई रु.२०० र कक्षा ११ र १२ का विद्यार्थीलाई प्रतिविद्यार्थी रु.२५० का दरले शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री तथा बुक कर्नरका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस शीर्षकमा यस वर्ष ECD को २३१ जना, कक्षा १ को भर्नामा १९२, कक्षा १ देखि ५ सम्मका १०२७ जना, कक्षा ६ देखि १० सम्म १०८४ जना र कक्षा ११ र १२ मा २३३ जना गरी २७६७ जनाको लागि रु.५,६३,८००। खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

६४.३ (३९,५८,९०,१३०-२०८१-३-२२):

**दिवा खाजाः** पालिकाले यस वर्ष दिवा खाजामा श्रावणदेखि चैत्रसम्म रु.२१,९०,६८७।- र २०८१ बैशाखदेखि असारसम्म रु.७,३१,७८०।- गरी जम्मा रु. २९,२२,४६७।- खर्च गरेको देखन्छ । पालिकाको IEMIS अनुसार शैक्षिक सत्र २०८० को ECD देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या १३८५ जना रहेकोले श्रावणदेखि चैत्रसम्म औषतमा १ विद्यार्थीले १०५.४४ दिन दिवा खाजा खाएको देखियो । त्यसैगरी शैक्षिक सत्र २०८१ मा सोही कक्षाहरुमा अध्ययन गर्ने विद्यार्थी संख्या ११९३ जना देखिएकोले औषतमा १ विद्यार्थीले ४०.३३ दिन दिवा खाजा खुवाएको देखियो । पालिकाको शैक्षिक पात्रो २०८० अनुसार श्रावणदेखि चैत्रसम्म १७४ दिन विद्यालय खुलेको र विद्यालय खुलेको दिनमध्ये १४० दिन पठनपाठन हुने उल्लेख छ । पालिकाले शैक्षिक पात्रो २०८१ छपाएको नदेखिएको र विद्यालय खुलेको दिनको अभिलेख राखेको पाइएन । समग्रमा पालिकाले विद्यार्थीहरुलाई औषतमा १४६.३३ दिनको दिवा खाजा खुवाएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४.४ **प्रतिविद्यार्थी लगानीः** पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता र विद्यालय सहयोगीको तलब भत्तामा रू.१०,८९,३१,८८१।, दिवा खाजामा रु.२९,२२,४६७।-, पाठ्यपुस्तकमा रु.१६,२०,७००।-, छात्राबृत्तिमा रू.३,६०,८००।- लगयतका शीर्षकमा संघीय सशर्तबाट रू.११,६६,३६,६३१।- र गाउँपालिका चालुबाट रु.७९,५७,३८५।- गरी जम्मा रु.१२,४५,९४,०१६।- खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८० मा ECD देखि कक्षा १२ सम्म

जम्मा २६५६ जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रु.४६,९१०।- लगानी भएको देखिन्छ । पालिकाले शिक्षामा गरेको लगानीबमोजिम उपलब्धी सन्तोषजनक नदेखिएकोले उपलब्धीमा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४.५ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४.६ **शिक्षक, विद्यार्थी र विद्यालयः** पालिकामा सञ्चालन रहेका 32 वटा विद्यालयहरुमा शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी 2160 जना रहेको देखिन्छ । पालिका अन्तर्गत रहेका ३२ विद्यालयमध्ये ५० जना भन्दा कम विद्यार्थी भएका विद्यालय संख्या २३ वटा रहेको पालिकाबाट उपलब्ध भएको तथ्यांकबाट देखिन्छ । विद्यार्थी संख्या कम भएका विद्यालयहरु सुविधाको दृष्टिकोणले सम्भव भएसम्म मर्ज गरी शिक्षकको दरबन्दी समेत मिलान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्यांक अनुसार विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्याको अवस्था देहाय बमोजिम रहेका छन्

| क्र. सं. | विद्यार्थी संख्या | सार्वजनिक विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०८० | शैक्षिक सत्र २०८१ |
| १ | ५० जना भन्दा कम विद्यार्थी भएको | २१ | २३ |
| २ | ५० देखि १०० जना | ४ | २ |
| ३ | १०० देखि १५० जना | ० | २ |
| ४ | १50 देखि २०० जना | ३ | १ |
| ५ | २0० देखि ३०० जना | १ | २ |
| ६ | ३०१ देखि ४०० जना | १ | २ |
| ७ | ४०१ देखि ५०० जना | २ | ० |
| | जम्मा | ३२ | ३२ |

सैद्धान्तिक बेरुजु

६४.७ (१०२-२०८१-२-२१):

**कक्षा ८ को परीक्षा संञ्चालनः** (गापा चालु ५-०८१।२।३१) कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रु. २७५।– का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गत ८ वटा विद्यालयहरूमा कक्षा ८ मा अध्ययन गर्ने २२९ जना विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट रु. ६२,९७५। गा.पा चालुबाट रु.१,२१,०५६।- गरी जम्मा रु.१,८४,०३१। खर्च गरेको देखिन्छ । अध्ययन गर्ने

२२९ परीक्षामा पनि सहभागी भएको हुनाले परीक्षामा सहभागी एक विद्यार्थीको परीक्षा लिने कार्यको लागि औषतमा रू.८०३.६ खर्च गरेको पाइन्छ ।

सैद्धान्तिक बेरुजु

६४.८ **पाठ्यपुस्तकः** ७२,११२-०८११०३११३ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई अनुदान दिएको छ तर विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई बितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । यस वर्ष पालिकाले पाठ्यपुस्तकमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुका लागि रु.१६,२०,७००। खर्च गरेको छ । पालिकाको IEMIS-२०८१ अनुसार कक्षा १ देखि १० सम्म १८९१ जना र IEMIS-२०८० अनुसार कक्षा ११ र १२ मा (पालिकाले कक्षा ११ र १२ को लागि शैक्षक सत्र २०८० को विद्यार्थीलाई आधारमानी निकासा दिएको) १७१ गरी जम्मा २०६२ जना विद्यार्थी देखिएको छ । IEMIS मा देखिएको विद्यार्थी (कक्षा ११ र १२ को २०५ जनाको समेत) संख्याबमोजिम पाठ्यपुस्तकमा रु.१५,५१,५८५। खर्च हुनुपर्नेमा रु.६९,११५। बढी खर्च भएको देखिन्छ । IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराउदा खर्च बढी देखिए पनि वास्तवमा खर्च बढी नभएको पालिकाले जनाएको छ । पालिकाले आगामी दिनमा अनुदान दिनु भन्दा पहिले विद्यार्थीसंख्या सत्यापन गरेर मात्र दिनुपर्दछ र खर्चको सुनिश्चितताको लागि आवश्यक संयन्त्र बनाइ अनुगमन गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६४.९ **शिक्षक दरबन्दी र पदपूर्तिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत २६ वटा बाल विकास केन्द्र, 24 वटा प्राथमिक विद्यालय, 2 वटा निम्न माध्यमिक विद्यालय र 6 वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका 32 विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | अनुदान | जम्मा | २०८० | |
| प्राथमिक शिक्षक | १०९ | ७८ | १९ | १२ | ० | १०९ | १०४७ | १०:१ |
| निम्न माध्यमिक शिक्षक | २७ | ११ | १५ | १ | ० | २७ | ६९२ | २६:१ |
| माध्यमिक शिक्षक | २२ | १३ | २ | १ | ६ | २२ | ४२४ | १९:१ |
| उच्च माध्यमिक शिक्षक | ६ | ० | ४ | २ | ० | ६ | २३५ | ३९:१ |
| प्राविधिक धार | ८ | ० | ० | ८ | ० | ८ | ५० | ६:१ |
| जम्मा | १७२ | १०२ | ४० | २४ | ६ | १७२ | २४४८ | १४:१ |

पालिकाको कुल दरबन्दीमा ५९.३० प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको कक्षा १ देखि १२ सम्मको विद्यार्थी र शिक्षकको पदपूर्तिको अवस्था हेर्दा विद्यार्थी शिक्षक अनुपात सबैभन्दा कम प्रा.वि. तहमा एक शिक्षकले १० जना र सबैभन्दा बढी उ.मा.वि. तहमा एक शिक्षकले ३९ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । समग्रमा पलिकामा एक शिक्षकले १४ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । शिक्षा नियमावलीमा पहाडी जिल्लामा १ शिक्षकले ४५ जना विद्यार्थी पढाउनु पर्ने व्यवस्थाबमोजिम तुलना गर्दा पालिकामा विद्यार्थी संख्याको तुलनामा शिक्षक संख्या बढी रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४.१० **कक्षा ११ र १२ को लागि निःशुल्क पाठ्यपुस्तकः** पालिकाले यस वर्ष कक्षा ११ का १०० जना र १२ का १०५ जना गरी जम्मा २०५ जनालाई अनिवार्य विषयको लागि रु.६०,११६। र ऐक्षिक विषयको लागि रु.१,३९,३१३। गरी जम्मा रु.१,९९,४२९। विद्यालयलये बिल पेश गरेको आधारमा खर्च रकम निकासा दिएको छ । पालिकाको IEMIS-२०८० लाई परीक्षण गर्दा श्री राधाकृष्ण माध्यामिक विद्यालय, श्यामशिलामा अध्ययन गर्ने कक्षा ११ र १२ का विद्यार्थी संख्या देखिएन तर विद्यालयले पेश गरेको पाठ्यपुस्तकको बिल अनुसार कक्षा ११ र १२ का २६/२६ जना विद्यार्थीले बुझिलिएको भरपाई देखियो । विद्यालयले समयमा नै विद्यार्थी संख्या IEMIS मा प्रविष्ट नगरिदिँदा IEMIS मा देखिएको विद्यार्थी संख्या यथार्थ हो भनी भन्न सकिएन ।

| क्र.सं. | विद्यालयको नाम | **कक्षा ११** | | **कक्षा १२** | |
|---|---|---|---|---|---|
| | | पाठ्यपुस्तक पाउनेको विद्यार्थी संख्या | **IEMIS**-२०८० | पाठ्यपुस्तक पाउनेको विद्यार्थी संख्या | **IEMIS**-२०८० |
| १ | राधाकृष्ण मावि | २६ | ० | २४ | ० |
| २ | पञ्चकन्या मावि | २८ | ३१ | ४६ | ५८ |
| ३ | मानेडाँडा मावि | ४६ | ३० | ३५ | ५२ |
| | | १०० | ६१ | १०५ | ११० |

सैद्धान्तिक बेरुजु

६४.११ **शिक्षकको तलब भत्ताः**पालिकाले यस वर्ष पालिका अन्तर्गत रहेका ३२ विद्यालयमध्ये दरबन्दी रहेका ३२ विद्यालयमा कार्यरत ११ जना माध्यमिक, ४ जना निम्न माध्यमिक र ५५ जना प्राथमिक तहका स्थायी शिक्षकसमेत जम्मा ७० जना शिक्षकहरुको तलबी प्रतिवेदन मिति २०८०/०५/०७ मा राष्ट्रिय किताब खाना, काठमाडौबाट पारित गरेको छ । पालिकाले यस वर्ष १३ जना स्थायी र १५ जना करार/ राहत गरी २८ जना माध्यमिक तहको शिक्षकको तलब भत्तामा रु. १,९२,८९,४१४।- र ८९ जना स्थायी र ४९ जना करार/ राहत सहित १३८ जना आधारभूत तहका शिक्षकको तलब भत्तामा रु.७,३६,०३,७८३। खर्च लेखेको छ । त्यसै गरी ३१ जना बाल

विकास सहजकर्ता, ३२ जना विद्यालय सहायक र ६ जना विद्यालय कर्मचारीको तलब भत्तामा संघीय शसर्त शीर्षकबाट रु. ८४,८४,७८४।- र पालिका चालुबाट रु. ३१,२८,७१६।- गरी जम्मा रु. १,१६,१३,५००।- खर्च गरेको छ भने शिक्षण सहयोग अनुदान (विज्ञान, गणित, अंग्रेजी शिक्षक व्यवस्थापन) ६ जना मा.वि शिक्षकलाई तलब भत्तामा रु. ३०,४८,०३४।- खर्च गरेको देखिन्छ ।

माथि उल्लेखित स्थायी शिक्षकको संख्या तलबी प्रतिवेदनको आधारमा उल्लेख गरिएको हो । तलबी प्रतिवेदन पारित गरेपश्चात पुनः स्थायी पदपूर्ति भएकोले संख्या बढी देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६५ **प्रशिक्षक भत्ताः** (४२९-२०८१-३-१८):

कोशी प्रदेशबाट जारी सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा ६ मा तालिम केन्द्रहरु बाहेक अन्य निकायबाट सञ्चालित अधिकृत स्तरका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक कार्यपत्र बापत रु. १,२००। र कक्षा सञ्चालन बापत रु. ८००।- खर्च लेख्न सकिने व्यवस्था छ साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाइने तर, कार्यपत्र बापतको रकम पाउने व्यवस्था छ । नमुना परीक्षणको रुपमा परीक्षण गर्दा पालिका र मानव अधिकार मञ्च नेपालको सहकार्यमा मिति २०८१ जेठ ११ देखि १५ गतेसम्म ५ दिवसीय मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गर्दा देहायका प्रशिक्षकलाई निर्देशिकामा उल्लेख भए भन्दा बढीदरमा खर्च लेखेकाले भुक्तानी लिने सम्बन्धितबाट करकट्टि पछिको रू.१३,२६०।- असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

नोटः निर्देशिकामा प्रति सेसन १ घण्टा ३० मिनेट हुनुपर्ने र दिनमा ४ सेसेन गर्न सकिने देखिएकोमा पालिकाले ५ दिनमा ३३ सेसन सञ्चालन गरेको देखिन्छ ।

| क्र. सं. | भुक्तानी पाउने | सेसन संख्या | प्रति सेसन भुक्तानी गर्नुपर्ने दर | प्रति सेसन भुक्तानी गरेको दर | बढी भएको करकट्टि पछिको |
|---|---|---|---|---|---|
| १ | पारस राई, सूर्योदय नपा , इलाम | १५ | २००० | २४०० | ५१०० |
| २ | सुरेश पोर्तेल, इलाम | १५ | २००० | २४०० | ५१०० |
| ३ | मोहन घिमिरे, जिल्ला अदालत , भोजपुर | ३ | २००० | ३२०० | ३०६० |
| | जम्मा | ३३ | | | १३२६० |

| असुल गर्नुपर्ने | १३,२६० |
|---|---|

६६ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षणः** (७७-२०८१-१-४):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००। र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००। अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ३२ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापत रू.३,५०,०००।- अनुदान उपलब्ध गराएको छ । उपलब्ध अनुदानबाट विद्यालयहरुले सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको छ । विद्यालयहरुले पेश गरेको आ.व.२०७९।८० को लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा लेखापरीक्षण प्रतिवेदन तोकिएको ढाँचामा नभएको, शिक्षकहरुको वार्षिक तलब भत्ता गणना गरी पारिश्रमिक कर लाग्ने नलाग्ने यकिन नगरेको र विद्यालयहरुले पनि तलब भत्ता माग गर्दा कर दाखिला भएको

प्रमाण पेश गरेको नदेखिएकोले शिक्षकहरुलाई लाग्ने पारिश्रमिक कर दाखिला भएको भनी विश्वस्त हुन सकिएन । आगामी दिनमा पेश हुने लेखापरीक्षण प्रतिवेदनमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **स्पेसिफिकेशनभन्दा फरक खरिदः** (१२७-२०८१-३-२१):

पालिकाले श्री राधाकृष्ण माध्यमिक विद्यालय, पौवादुङमा-१ श्यामसिलालाई ICT व्यवस्थापनका लागि रु. ६,४९,०००। बजेट निकासा दिएको पाइयो । उक्त बजेटबाट बिद्यालयले इन्भेन्टएक्स टेक्नो ट्रेर्ड (१२३६७१६७९)बाट रु. ६,४९,०००। को २ वटा Interactive Flat Panel Board 75" with Android and Windows with Panel Cover उपकरणहरु खरिद गरेका छन । बिनियोजित बजेटबाट दुर शिक्षा लगायतका कार्यक्रम सञ्चालनका लागि प्रयोग हुने Interactive Flat Panel Board 75" र Library/LMS Software with Padagogical Traing र सोको सञ्चालनका लागि आवश्यक पर्ने अन्य उपकरणहरु खरिद गर्नु पर्नेमा २ वटा वोर्डहरुमात्र खरिद गर्नु कार्यक्रमको उद्देश्य बिपरित देखियो । उक्त उपकरणका लागि तोकिएको Specification अनुसार मालसामान प्राप्त हुनुपर्नेमा ब्राण्ड खुल्ने कागजात पेश भएन साथै ISO 9001 हुनुपर्ने भनी उल्लेख भएकोमा नेपालमा दर्ता भएका तोकिएको कम्पनीबाट प्रमाण पत्र जारी भएको नपाईएको हुँदा Specification अनुसारको मालसामान आएको यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाबाटै Specification अनुसारको मालसामान आए नआएको परीक्षण गरी यकिन हुनुपर्दछ । मापदण्डबमोजिमको प्रमाण पेश हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | ६,४९,००० |
|---|---|

६८ **विज्ञान प्रयोगशालाः** (१३१-२०८१-३-२२):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला निर्माणका लागि श्री तिवारीभञ्ज्याङ्ग माध्यमिक विद्यालय,पौवादुङमा-२, लाई रु.६,४६,१२०।- उपलब्ध गराएकोमा २६७ प्रकारका सामग्री खरिद गरेको बिल भरपाई, जिन्सी दाखिला भएको प्रमाण पेश गरेको आधारमा भुक्तानी भएको देखिन्छ । अनुदानबाट निर्माण भएको विज्ञान प्रयोगशाला प्रयोगमा आए नआएको अनुगमन गरी प्रयोगशालाको प्रभावकारी उपयोगको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **विद्यालय सुधार योजना निर्माणः** (७७-२०८१-१-४):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।– र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।-का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ । यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले पालिकाभित्रका ३२ वटा विद्यालयलाई रु.५,१०,०००।- अनुदान रकम निकासा दिएकोकमा विद्यालयहरुबाट विद्यालय सुधार योजना निर्माण गरी पालिकामा पेश गरेको छ । विद्यालय सुधार योजना पेश गर्ने विद्यालयले योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७० **इन्टरनेट व्यवस्थापन खर्च** (८९-२०८१-२-१७):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा सामुदायिक विद्यालयमा इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रु. १२,०००।- का दरले अनुदान निकासा गर्ने उल्लेख छ । विद्यालयलाई निकासा भएको अनुदानबाट विद्यालयमा इन्टरनेट जडान गरी खर्च लेख्नु पर्ने व्यवस्था अनुसार पालिका अन्तर्गत रहेका ३२ वटा विद्यालयहरुलाई इन्टरनेट व्यवस्थापन खर्च बापत रु.१२,०००।– का दरले रु.३,८४,०००। निकासा दिएकोमा देहायका २ वटा विद्यालयले इन्टरनेट जडान गरेको तथा भुक्तानी गरेको बिल भरपाई पेश नगरेकोले खर्च पुष्टी हुने प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| 1. | पञ्चकन्या प्रा.वि. बास्तिम | ४ | १२००० |
| 2. | लक्ष्मीनारायण प्रा.वि. | ४ | १२००० |
| | जम्मा | | २४००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,००० |

७१ **सेनिटरी प्याड खरिदः** (११५-२०८१-३-१४):

कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सोकार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ ।

पालिकाले यस शीर्षकमा रु.८,५१,०००।- बजेट विनियोजन गरी विद्यालयहरुबाट आवश्यक हुने सेनिटरी प्याड संख्या माग गरेको माग पत्र संकलन नगरी लागत अनुमानसमेत तयार नबनाई पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका ८ वटा विद्यालयहरुमा अध्ययनरत ७३५ छात्रा विद्यार्थीहरुको संख्या IEMIS- २०८० बाट यकिन गरी सोही आधारमा अंकुर डाइग्नोष्टीक एण्ड सर्जीकल सेन्टर (३०१३८६०४५) मोरङ्गबाट ४८३५ प्याकेट सेनिटरी (Ultrathin Pads Sagun २८० mm) प्याड प्रति प्याकेट रु.८० (मु.अ.कर समेत) का दरले रु.३,८६,८१९।- र ८ थान प्याड नस्ट गर्ने मेसिन (Incenerator Machine) रु.५८,०००।- का दरले रु.४,६४,०००।- सहित जम्मा रु.८,५०,८१९ को खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड गुणस्तर भए नभएको सम्बन्धमा पालिकाले परीक्षण नगरी भुक्तानी दिएको देखिन्छ । पालिकाले आर्थिक वर्षको सुरुमा खरिद गरी समयमै वितरणको व्यवस्था मिलाउनु पर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । खरिद गरिएका सेनिटरी प्याड सेनिटरी प्याड व्यवस्थापन रणनीति, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्षभरी वितरण गर्नुपर्ने प्रावधान बमोजिम पालिकाले देहायका ८ विद्यालयहरुलाई बितरणको लागि बुझाएको देखिएको छ । तर सेनिटरी प्याड विद्यालयहरुबाट माग भएको माग पत्रको आधारमा बुझाएको पाइएन । विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको प्रतिवेदन पालिकामा पेश गरेको पाइएन । सम्बन्धित विद्यालयहरुबाट सेनिटर प्याड वितरण भएको प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८६,७२० |

७२ **स्टेशनरी सामान खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा- टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने ब्यबस्था रहेको छ । कार्यालयलाई वर्ष भरिमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु. २४,९९,९९९।- खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिएको देखिएन। पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको

पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनु पर्दछ । मालसामान खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्र मार्फत खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामाग्री खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै खरिद गरेको देखिन्छ । आगामी दिनमा खरिद प्रकृयामा सुधार हुनुपर्दछ

| सि नं | भौ नं / मिति | सप्लायर्स | खरिद सामाग्री | खरिद रकम |
|---|---|---|---|---|
| १ | २२- ६।१९ | न्यू रेशु किराना तथा स्टेशनरी | स्टेशनरी सामाग्री | १६१,३६३ |
| २ | ११२- ९।२६ | न्यू रेशु किराना तथा स्टेशनरी | स्टेशनरी सामाग्री | १५२,३१९ |
| ३ | २३१- १२।६ | न्यू रेशु किराना तथा स्टेशनरी | स्टेशनरी सामाग्री | १७०,०४० |
| ४ | २७८- १।५ | न्यू रेशु किराना तथा स्टेशनरी पसल | स्टेशनरी सामाग्री | ९४,३६५ |
| ५ | २८८- १।२७ | न्यू रेशु किराना तथा स्टेशनरी पसल | स्टेशनरी सामाग्री | ९४,४९१ |
| ६ | ३७४- ३।५ | न्यू रेशु किराना तथा स्टेशनरी पसल | स्टेशनरी सामाग्री | ९२,६६५ |
| ७ | ४७६- ३।२३ | न्यू रेशु किराना तथा स्टेशनरी पसल | स्टेशनरी सामाग्री | ९४,४०८ |
| ८ | २६८।१२।३० | हिमाल घरेलु फर्निचर उद्योग | स्टेशनरी सामाग्री | २३३,७०७ |
| ९ | ३५९- २।३२ | ॐ श्री ट्रेडर्स | नेपाली कागज तथा फोटोकपी पेपर | ४८०,००६ |
| १० | विभिन्न | जाल्पा देवी किराना तथा सप्लायर्स | स्टेशनरी सामाग्री | १४६,०१९ |
| ११ | ५३१।३।२४ | मसलन्द सामाग्री खरिद भुक्तानी | | ३२०५५ |
| जम्मा | | | | १७, ५१ , ४३८ |

| सैद्धान्तिक बेरुजु |
|---|

७३ **कन्टिजेन्सी खर्चको जिन्सी दाखिला र हस्तानतरणः**

पालिकाले गोश्वरा भौचर नं ११८ मिति २०८१।०३।२४ मा बजेट शीर्षक फुसको छानो मुक्त अभियान अन्तर्गत जस्तापाता खरिद तथा वितरण बजेट शीर्षक बाट कन्टिजेन्सी कट्ट गरि कार्यालयको लागि ल्यापटप र प्रिन्टर खरिद गरि जनव सप्लायर्स प्रा ली लाई रु २९०००० भुक्तानी गरेको देखिन्छ । कन्टीन्जेन्सी रकम खर्च गर्दा सो बजेट शीर्षक बाट आयोजना संचालनका लागि आवश्यक प्राविधिक सामान तथा सामान्य मर्मत संभार सम्बन्धी खर्च साथै विशेषज्ञ सेवा जस्ता क्षेत्रमा सोही बजेट शीर्षक बाट खर्च गरिने ब्यवस्था रहेकोमा खरिद गर्नु पुर्व माग फाराम तथा खरिद समितिको निर्णय र मुल्याङकन समितिको निर्णयको प्रतिलिपि र जिन्सी दाखिला र हस्तानतरण फराम भरेको प्रमाण पेश पेश नभएको रु.

| प्रमाण पेश नगरेको | २,९०,००० |
|---|---|

७४ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु. २३ लाख १८ हजार कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ जुन यो वर्षको पूँजीगत खर्च १० करोड ३६ लाख ९९ हजारको २.२३ प्रतिशत हुन आउछ। उक्त खर्च मध्ये कार्यालय संचानलन र स्टाफ खर्चमा १६ लाख ५० हजार, मर्मत संभार खर्चमा १ लाख ७४ हजार तथा अन्य खर्च रु. ४ लाख ९३ हजार कन्टिन्जेन्सी खर्च गर्ने गरेको पाइयो। यस सम्बन्धमा

नियम १०(७) अनुसार अनुसुची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । पालिकाले कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित एवं मितव्ययी बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **ठेक्का बिल अधावधिकः**

पालिकाले ५ बेड अस्पताल निर्माण कार्यका लागि हालसम्म ६ वटा रनिङ्ग बिलहरु र उक्त बिलहरुको मूल्य समायोजन हिसाब रु. ५८,९५,०४०।६२ समेत रु. ४,२८,९९,३४५।६० भुक्तानी खर्च लेखेको पाइयो । पालिकाले छैटौ रनिङ्ग बिलसम्मको अद्यावधिक ठेक्का बिल र मूल्य समायोजन समेत रु. ४,२२,९९,३४५।५९ मात्र देखाएको छ । यसरी भुक्तानी भई सकेको रकमलाई अधावधिक ठेक्का बिलमा नदेखाउनाले दोहोरो भुक्तानी हुन सक्ने सम्भावना रहने हुँदा भुक्तानी रकम र ठेक्का बिल रकम पालिकाले अद्यावधिक गर्नु पर्दछ । यसरी पाँचौ अधावधिक ठेक्का बिल अनुसारको कार्य मूल्याङ्कन भन्दा बढी भुक्तानी भएको रकम आगामी बिलमा समायोजन हुनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | ६,००,००० |
|---|---|

७६ **सार्वजनिक निर्माण ब्यवस्थापन:-**

**सार्वजनिक निर्माण ब्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:-**

**(क) निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**(ख) कार्य सम्पन्न प्रतिवेदन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

**(ग) गुणस्तर परिक्षण-** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

**(घ) डि.एल पि.अभिलेखः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान

अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

**(ङ) AS BUILT DRAWING:-** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत AS BUILT DRAWING पेश भएको पाईएन । यस्तो प्रतिवेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७७ **सूचना प्रकाशन सम्बन्धमाः**

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका- २०८० को निर्देशन नं ४५ मा विद्युतीय खरिद प्रणाली मार्फत वोलपत्र आह्वान गरिएको अवस्थामा बोलपत्र खरिद प्रकृयासँग सम्बन्धित कुनै पनि सूचना अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन भन्ने व्यहोरा उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत प्रकाशन गरी रु.४५६,५९०.- खर्च लेखेको छ । यस्ता प्रकृतिका खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **घटी कर कट्टीः**

आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार सेवा प्रदायकलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकममा १५ % भाडाका सवारी साधन कर बापत भुक्तानी रकममा २.५ प्रतिशत कर कट्टी गर्नु पर्ने ब्यबस्था छ। कर कट्टी गर्नु पर्ने ब्यबस्था छ। पालिकाले ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक श्रोत साधनमा कट्टीका लागि गणना गरेको १५ प्रतिशत अग्रिम कर र भाडा कर उपभोक्ता समितिहरुलाई भुक्तानी गर्दा घटी कट्टी गरेको पाइयो ।यसरी घटी कट्टी भएको रकम असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ । रु....

**(विस्तृत विवरण बेरूजु दफा ७८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ८७,६३६ |
|---|---|

७९ **नापी किताब र कार्यसम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाबाट खरिद गरिएका निम्नानुसारका एच.डि.पी. पाईपहरु सम्बन्धित योजनामा प्रयोग गरेको देखिने नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र बितरण गरेको भरपाई लेखापरीक्षणको क्रममा पेश भएन । पालिकाबाट एच.डि.पी. पाईपहरु, पानी तान्ने पम्पहरु र ग्याबियन जाली लगायतका निर्माण सामग्रीहरु सम्बन्धित योजनमा प्रयोग भएको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेस हुनुपर्दछ । रु.

**(विस्तृत विवरण बेरूजु दफा ७९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | ९,९७,२३१ |
|---|---|

८० **स्वीकृत नर्म्सको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, जस्ता पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत

अनुमान बढेको पाइयो । यसबाट योजनाको लागत अनुमान बढ्न गएको कारण पालिकालाई बढी ब्ययभार पर्ने देखियो । पालिकाले डि.पी.आर तयार तथा लागत अनुमान स्वीकृत गर्दा यसमा ध्यान दिएको पाइएन ।

**(विस्तृत विवरण बेरूजु दफा ८० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

८१ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने ब्यबस्था रहेको छ । पालिकाले सार्वजनिक खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्र मार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा समित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको रु. ३०,५६,६८८।- खरिद प्रकृया नियम सम्मत नदेखिँदा नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

८२ **परामर्श खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डि.पी.आर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पी.आर. तथा अध्ययन प्रतिवेदन तयार गर्दा कार्यालयको प्राविधिक तथा बिषयगत जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक तथा बिषयगत जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र अन्य प्रतिवेदनहरुलाई कार्यान्वियनमा लैजान पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र डि.पी.आर तथा अन्य बिषयगतप्रतिवेदन तयार गर्ने साथै आवश्यकता बेगर प्रतिवेदन बनाउने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

८३ **पेश्की बैंक ग्यारेण्टी:**

सार्वजनिक खरिद नियमावली-२०६४ तथा कार्यालय र निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं. ५७.१ मा निर्माण व्यवसायीबाट बैंक तथा बित्तिय संस्थाको शर्त रहितको बैंक जमानत पेश भएपछि ठेक रकमको तोकिएको प्रतिशतले हुने मोविलाइजेशन पेश्की उपलब्ध गराउने व्यवस्था छ । पालिकाले पेश्की बैक जमानतको आधारमा रु. ६०,८९,७९८।- निर्माण व्यवसायीलाई मोबिलाईजेशन पेश्की दिएकोमा हालसम्म फछ्र्यौट गर्न बाँकी रहेको छ । सिटीजन्स बैक लिमिटेड, लाहानबाट जारी भएको पेश्की जमानत पत्र तोकिएको ढाँचा बिपरीत शर्त सहितको रहेकोमा हालसम्म बाँकी पेश्की रु. ६०,८९,७९८।- जोखिममा पर्न सक्ने हुँदा असुल/फछ्र्यौट गर्ने गराउने वा शर्त रहित बैक ग्यारेन्टीमा परिवर्तन गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

८४ **कर विवरणः**

मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नु पर्ने ब्यबस्था छ । कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको एकिन गरेर मात्र काम गराउनु पर्ने ब्यबस्था रहेको छ । निम्न फर्म आन्तरिक राजस्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा NON-FILLER रहेको पाइयो।यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म VAT Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको

मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको एकिन हुन सकेन।यसरी भुक्तानी भएको कर चुक्ता र मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ । रु.......

**(विस्तृत विवरण बेरूजु दफा ८४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,२४,९३४ |

८५ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

८६ **सामाजिक सुरक्षा तर्फः**

८६.१ **सामाजिक सुरक्षा भत्ता वितरण निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा गाउँपालिका र नेपाल इन्भेष्टमेण्ट मेगा बैंक, शाखा कार्यालय, तिवारीभञ्ज्याङ्गबीच द्विपक्षीय मिति २०७७।३।२९ मा सम्झौता भई पालिकाभित्र रहेका ६ वटै वडाहरुको सामजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले प्रथम र दोस्रो त्रैमासिक बैंकिङ्ग प्रणालीबाट र तेस्रो र चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट बितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रु.६,५५,५१,३२०। बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुरबाट बैंकलाई रु.६,५५,४३,२८९। निकासा दिएको छ । पालिकाले भत्ता वितरण गर्न निकासा दिएको विवरण देहायबमोजिम उल्लेखित छन्

**(विस्तृत विवरण बेरूजु दफा ८६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरूजु

८६.२ **सामाजिक सुरक्षा भत्ता बितरण निकासा फिर्ताः** पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता बितरणको लागि बैंकबाट रु.६,५५,२३,३३५।- वितरण गरेको र बितरण हुन बाँकी रहेको रु.१९,९५४। बैंकबाट पालिकाको विविध खर्च खातामा फिर्ता गरेकोमा पालिकाले मिति २०८१।६।७ गते राजस्व शीर्षक नं.१५१११ मा फिर्ता गरेको प्रमाण पेश भएको छ । पालिकाबाट बितरण भएको सामाजिक सुरक्षा भत्ताको विवरण देहाय बमोजिम उल्लेखित छन्

**(विस्तृत विवरण बेरूजु दफा ८६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरूजु

८६.३ सामाजिक सुरक्षा भत्ता वडागत वितरणः पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता बितरणको लागि वडागत वितरण गरेको विवरण देहाय बमोजिम उल्लेखित छन्

**(विस्तृत विवरण बेरूजु दफा ८६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरूजु

८७ **सामाजिक सुरक्षा भत्ता बितरण कार्यक्रमको खर्चः** (२८-२०८०-६-२३):

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको त्यस्तो भत्ताको रकम लाभग्राहीको बैंक खातामा सोझै भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको खातामा भत्ता रकम जम्मा गरेपश्चात पनि बैंक रहेको वडा नं.२ र ३ बाहेकको बाँकी ४ वडाहरुमा प्रतिवडा ४ पटकको दरले सामाजिक सुरक्षा भत्ता वितरण शिविर सञ्चालन गरी बैंकका कर्मचारी, सुरक्षा कर्मी र पञ्जीकरण शाखाका कर्मचारीलाई आउँदा जाँदा यातायात खर्च, भत्ता तथा खाजा खर्च र वडाका

कर्मचारी, जनप्रतिनिधिलाई खाजा खर्चमा रु. ३,९०,६५५।- खर्च गरेको छ । पालिकाले सम्भव भएसम्म यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८८ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ८० जना श्रमिकलाई रोजगार सृजना गर्न रु २६८०००० र विश्व बैंकबाट रु २६७२०००.गरी जम्मा रु ५३५२००० प्राप्त भएको छ । पालिका अन्तर्गत रहेका ६ वडाहरुमै देहायका ८ योजना सञ्चालन गरी यस वर्ष ६०६ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ८० जनालाई औसत ९८.५२ दिनले ७८८२ दिन रोजगारी उपलव्ध गराई प्रतिदिन रु. ६६८ का दरले रु.५२,६५,१७६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| क्र स | योजनाको नाम | वडा | श्रमिक संख्या | जम्मा कार्य दिन | लागत अनुमान | कार्य सम्पन्न | भूक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | अर्खौले र वडा कार्यालयबाट ट्रनिङ सम्म सडक स्तरोन्नति | १ | ९ | ९०० | ९०१२००.७५ | ९०१२०६.२९ | ६०१२०० |
| २ | वडा नं २ का गोरेटो बाटो सोलिङ मर्मत तथा स्तरोन्नति | २ | २१ | १९८२ | १६५३८५९.८७ | १५७३९४८.२९ | १३२३९७६ |
| ३ | टोल नं ३ को दलित बस्ति जाने बाटो मर्मत सुधार | ३ | ४ | ४०० | २९२२०० | २९२६३०.५३ | २६७२०० |
| ४ | ९ वटा प्लाष्टिक पोखरी निर्माण तथा सोलिङ | ४ | १० | १००० | १०६०२३० | १०६०८७९.४२ | ६६८००० |
| ५ | जान्पा प्रा बि देखी सिरसिरे सम्म गोरेटो बाटो निर्माण | ५ | ९ | ९०० | ६३६७०० | ६३९३६२.५५ | ६०१२०० |
| ६ | खम्बुक सडक मर्मत सुधार तथा स्तरोन्नति | ६ | १९ | ९५० | ७३४९०० | ७३६२२८ | ६३४६०० |
| ७ | वडा कार्यलय देखी खम्बुक सम्म जोड्ने सडक स्तरोन्नति | ६ | | ९५० | ९३५४३४.९७ | ९३७३२८.७ | ६३४६०० |
| ८ | पञ्चकन्या कृषि सडक मर्मत | ४, ५ , ६ | ८ | ८०० | ५३४४०० | ५३६५४१.१६ | ५३४४०० |
| जम्मा | | | ८० | ७८८२ | ६७४८९२६ | ६६७८१२५ | ५२६५१७६ |

यस कार्यक्रममा पालिकाको वडा कार्यालयहरुबाट पनि साझेदारी स्वरूप रू.१६,००,०००।- बजेट बिनियोजन गरी ढुंगा, पाइप, प्लास्टिक लगायतका सामग्री खरिद तथा ढुवानीमा रु. १४,०२,७३०।- खर्च गरेको छ । खर्चको विवरण देहायबमोजिम रहेका छन्

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजन रकम | खर्च (सामग्री खरिद) |
|---|---|---|---|---|
| १ | अखौंले र वडा कार्यालयबाट ट्रनिङ सम्म सडक स्तरोन्नति | १ | | ३००००० |
| २ | वडा नं २ का गोरेटो बाटो सोलिङ मर्मत तथा स्तरोन्नति | २ | | २५०००० |
| ३ | टोल नं ३ को दलित बस्ति जाने बाटो मर्मत सुधार | ३ | | २५००० |
| ४ | ९ वटा प्लाष्टिक पोखरी निर्माण तथा सोलिङ | ४ | | ३९२२३० |
| ५ | जान्पा प्रा बि देखी सिरसिरे सम्म गोरेटो बाटो निर्माण | ५ | | ३५५०० |
| ६ | खम्बुक सडक मर्मत सुधार तथा स्तरोन्नति | ६ | | १००००० |
| ७ | वडा कार्यलय देखी खम्बुक सम्म जोड्ने सडक स्तरोन्नति | ७ | | ३००००० |
| ८ | पञ्चकन्या कृषि सडक मर्मत | ८ | | ० |
| | जम्मा | | | १४०२७३० |

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

८९ अनुगमनः

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । पालिकाले आर्थिक वर्ष २०७९।८० सम्मको बाँकी बेरुजु रु.५२२३३००० मध्ये रु १०८११४३८।- फस्र्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ । सम्परीक्षणको जानकारी उक्त प्रणालीमार्फत पठाइएको छ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **पौवादुङमा गाउँपालिका, भोजपुर** को आर्थिक वर्ष २०८०।८१ सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| **सि.नं** | **गत वर्षसम्मको बाँकी बेरुजू (A)** | **यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)** | **यो वर्ष कायम बेरुजू(C)** | **संपरीक्षणबाट कायम बेरुजू(D)** | **अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)** |
|---|---|---|---|---|---|
| १ | ५२२३३००० | १०८११४३८ | ९३५१७७६ | ० | ५०७७३३३८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पौवादुङमा गाउँपालिका, भोजपुर , पौवादुङ्मा गाउँपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nabin Bhattarai | २०७८-१२-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११३,६९६ | २,८९९,९३२ | ६,३३८,१४८ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ९,३५१,७७६ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ११५,३५३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४२९२९५६९.५२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७१०६७००० | **चालु खर्च** | २४३४७४१९१.६१ |
| **प्रदेश सरकारबाट अनुदान** | १७४७१००० | **पूँजीगत खर्च** | १०३६९९२६६ |
| **राजश्व बाँडफाँट** | ६३५९९०९६.०६ | **वित्तीय/अन्य व्यवस्था** | १३६२४२८२८.९२ |
| **आन्तरिक आय** | ५५९१९८१.६४ | | |
| **अन्य आय** | ११५२३८८३१.९८ | | |
| **कुल आय** | ४७२९६७९०९.६८ | **कुल खर्च** | ४८३४१६२८६.५३ |
| **बाँकी मौज्दात** | | ३२४८११९२.६७ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| २ | कृषि तथा पशु विकास कार्यक्रम | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम |
| ३ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने । | अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ४ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ५ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ६ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ७ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ८ | सहकारी तर्फ | सहकारी संस्थाको सञ्चालन र नियमन |
| ९ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| १० | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ |
| ११ | बिबिध जोखिम | बिबिध जोखिम |

## बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची - ३


https://nams.oag.gov.np

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | पालिकाबाट वितरणको लागि विद्यालयलाई दिएको प्याड संख्या | प्रतिप्याड मुल्य | Incenerator Machine | जम्मा मुल्य |
|---|---|---|---|---|---|---|
| १ | राधाकृष्ण मा.वि. | १५८ | 1001 | 80 | १ थान | ८००८० |
| २ | तिवारीभञ्ज्याङ मा.वि. | १०३ | 671 | 80 | १ थान | ५३६८० |
| ३ | पञ्चकन्या मा.वि. | १९६ | 1229 | 80 | १ थान | ९८३२० |
| ४ | मानेडाँडा मा.वि. | १३५ | 863 | 80 | १ थान | ६९०४० |
| ५ | महादेवि आ.वि. | ३३ | 251 | 80 | १ थान | २००८० |
| ६ | बालकल्याण आ.वि. | १९ | 167 | 80 | १ थान | १३३६० |
| ७ | सानोदुम्मा मा.वि. | ५९ | 407 | 80 | १ थान | ३२५६० |
| ८ | सूर्योदय मा.वि. | 32 | 245 | 80 | १ थान | १९६०० |
| | जम्मा | 735 | ४८३५ | | ८ थान | ३८६७२० |

## बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची -४


https://nams.oag.gov.np

| सि.नं. | भुक्तानी भएको गो.भौ./मिति | योजनाको नाम | भुक्तानी पाउने फर्मको नाम | रनिङ्ग बिल संख्या | बिजक नं. मिति | कर बिजक अनुसार | भुक्तानी (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|---|---|
| १. | २।०७९।२।१३ | ५ बेड अस्पताल निर्माण | कौशिल बस्नेत/सारासृष्टि/मकालु जे.भी. | प्रथम | ०१।०७९।२।१२ | ८८१३६२८।७२ | ८८१३६२८।७२ |
| २. | ९।०७९।३।२३ | ,, ,, | ,, ,, | द्वितीय | ०२।०७९।३।२२ | ३४२६८२६।९७ | ३४२६८२६।९७ |
| ३. | २।०८१।१।३ | ,, ,, | ,, ,, | तृतीय | ०१।०७९।१२।३० | ९३९७२४२।६९ | ९३९७२४२।६९ |
| ४. | १०।०८०।११।१० (संघीय सरकार हस्तान्तरित कार्यक्रम) | ,, ,, | ,, ,, | चौथो | ०१।०८०।११।१० | ६०००००।०० | ६०००००।०० |
| ५. | १।०८०।१२।९ | ,, ,, | ,, ,, | पाँचौ | ०२।०८०।१२।७ | १०२४३६१३।५८ | १०२४३६१३।५८ |
| ६. | ४।०८१।३।२८ | ,, ,, | ,, ,, | छैटौ | ०४।२०८१।३।२८ | १०४१८०३२।६४ | १०४१८०३२।६४ |
| | | | | | **जम्मा** | **४२८९९३४५।६०** | **४२८९९३४५।६०** |

## बेरूजु दफा ७८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./मिति | भुक्तानी पाउने उपभोक्ता समितिको नाम | बापत | भुक्तानी रकम | असुल गर्नुपर्ने कर रकम | | असुल भएको कर रकम | | कर बापत नपुग रकम रु. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १५% | २.५% | १५% | २.५% | १५% | २.५% |
| १. | गाउँपालिका पूँजिगत | ११७।०८१।३।२४ | वडा कार्यालय भवन निर्माण तथा ब्यबस्थापन उ.स. वडा नं.-३ | प्राकृतिक श्रोत तथा भाडा कर | १२९२५० | १९३८८ | ३२३१ | ९५०० | ० | ९८८८ | ३२३१ |
| २. | गाउँपालिका पूँजिगत | ११०।०८१।३।२४ | चापे खानेपानी आयोजना उपभोक्ता समिति | प्राकृतिक श्रोत तथा भाडा कर | १५३४६ | २३१५ | ० | ० | ० | २३१५ | ० |
| ३. | गाउँपालिका पूँजिगत | १०८।०८१।३।२३ | टोल नं. ८/५ सडक स्तरोन्नती | प्राकृतिक श्रोत कर | ४०००० | ६००० | ० | २००० | ० | ४००० | ० |
| ४. | गाउँपालिका पूँजिगत | ९७।०८१।३।२१ | छरछरे देबिथान पर्यटन बिकास योजना | प्राकृतिक श्रोत तथा भाडा कर | ६२१०० | ६९८३ | ३८९ | ० | ० | ६९८३ | ३८९ |
| ५. | गाउँपालिका पूँजिगत | ६६।०८१।२।७ | राधाकृष्ण मन्दिरको लागि शौचालय निर्माण | प्राकृतिक श्रोत तथा भाडा कर | ३५३२५ | ५२९९ | १०२५ | ० | ० | ५२९९ | १०२५ |
| ६. | गाउँपालिका पूँजिगत | ५८।०८१।१।१८ | खम्बुक सिम्बोले वाक्टेन कृषि सडक निर्माण | प्राकृतिक श्रोत तथा भाडा कर | १६५२० | २४७८ | ४१३ | ० | ० | २४७८ | ४१३ |
| ७. | गाउँपालिका पूँजिगत | ५०।०८०।१२।२७ | बरबोट हुँदै कटहरे सुम्तेन सडक निर्माण | प्राकृतिक श्रोत तथा भाडा कर | १६९२६१ | २५३८९ | ४२३२ | ५३०५ | ० | २००८४ | ४२३२ |
| ८. | गाउँपालिका पूँजिगत | ४३।०८०।१२।१२ | वडा नं.३ को जग्गा हुँदै स्वास्थ्य चौकी सडक | प्राकृतिक श्रोत तथा भाडा कर | ३८२६९० | ७८४० | १०३६४ | ३६१६ | ० | ४२२४ | १०३६४ |
| ९. | गाउँपालिका पूँजिगत | २७।०८०।११।१० | पोखरीटार हङ्ग्रायो खोला सडक मर्मत | प्राकृतिक श्रोत तथा भाडा कर | ५१२४६ | ७६८७ | १२८१ | २५०० | ० | ५१८७ | १२८१ |
| १० | प्रदेश सरकार हस्तान्तरित कार्यक्रम | १०।०८१।३।१५ | पञ्चकन्या मा.बि. खेलमैदान निर्माण | प्राकृतिक श्रोत तथा भाडा कर | १७६०० | २६४० | ४४० | ० | ० | २६४० | ४४० |
| ११ | गाउँपालिका पूँजिगत | ४।०८१।३।२४ | पञ्चकन्या मा.बि. गेट निर्माण | प्राकृतिक श्रोत तथा भाडा कर | ९२५०० | ५२५० | १४३८ | ३५२५ | ० | १७२५ | १४३८ |
| | | | | | | | | | **जम्मा** | **६४८२३** | **२२८१३** |

## बेरूजु दफा ७९ सँग सम्बन्धित विवरण - अनुसूची -६



https://nams.oag.gov.np

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ/मिति | सप्लाईकर्ता फर्मको नाम | योजनाको नाम | खरिदको विवरण | | | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | खरिद गरिएको सामान | परिमाण | इकाई दर (मू.अ.कर सहित) | |
| १. | गाउँपालीका पूँजिगत | ९८।०८१।३।२१ | ग्लोबल धरान प्रा.लि., धरान | एच.डि.पी. पाईप खरिद | 160 mm /NS Pipe PN 10 | २२२ र.मी. | १३८१।९९ | ३०६८०२ |
| | | | | | 90 mm /NS Pipe PN 10 | १०८ र.मी. | ९३३।२५ | १००६८३ |
| | | | | | 63 mm / NS Pipe PN 10 | ४८० र.मी. | ४५७।६५ | २१९६७२ |
| | | | | | 50 mm / NS Pipe PN 10 | ३०० र.मी. | २८९।२८ | ८६७८४ |
| | | | | | 40 mm / NS Pipe PN 10 | ८०० र.मी. | १८७।५८ | १५००६४ |
| | | | | | 25 mm / NS Pipe PN 10 | १२०० र.मी. | ७४।५८ | ८९४९६ |
| | | | | | 20 mm / NS Pipe PN 10 | ४०० र.मी. | ४८।५९ | १९४३६ |
| | | | | | | | **जम्मा** | **९९७२३१** |

## बेरूजु दफा ८० सँग सम्बन्धित विवरण - अनुसूची -७

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./मिति | योजनाको नाम | निर्माण व्यवसायी फर्मको नाम | आईटमवाईज कार्यको विवरण | कार्य परिमाण (घ.मी.) | लागत अनुमानको दर (मू.अ.कर सहित) | तयार हुनुपर्ने ल.ई. को दर (मू.अ.कर सहित) | बढी हुन गएको ल.ई. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पूँजिगत | १०१।०८१।३।२१ | प्रशासकिय भवन निर्माण | आवरण मेटल ईन्जिनियरिङ्ग कन्ष्ट्रक्सन प्रा.लि. | FIRST CLASS MACHINE MADE BRICK MASONRY WORK 1:4 C/S | २५३.०१ | ३२२८७।५९ | २८३३२।५९ | १०००६५५ | तराईको ईटाको साईज लम्बाई २२७.९०×१०९.९०×६७.९३ mm हुने हुँदा औषतमा ४३० थान ईट्टा प्रयोग हुनुपर्नेमा ५३० ईट्टा प्रति घन मिटरमा प्रयोग भएको आधारमा आ..व. २०८०।८१ को ईट्टाको दर ३५/प्रति पिस (मू.अ.कर बाहेक ढुवानी समेत) |
| | | | | | FIRST CLASS MACHINE MADE BRICK MASONRY WORK 1:6 C/S | ९२.९८ | ३१७७२।२८ | २७८१७।२८ | ३६७७३६ | ,, ,, |
| **२.** | एकिकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम | ४।०८१।३।२८ | ५ बेड अस्पताल | . कौशिल बस्नेत/ सारासृष्टि/मकालु जे.भी. | FIRST CLASS MACHINE MADE BRICK MASONRY WORK 1:4 C/S | **३९३.६४** | **३१७७८।२३** | **२७८२३।२३** | १५५६८४६ | तराईको ईटाको साईज लम्बाई २२७.९०×१०९.९०×६७.९३ mm हुने हुँदा औषतमा ४३० थान ईट्टा प्रयोग हुनुपर्नेमा ५३० ईट्टा प्रति घन मिटरमा प्रयोग भएको आधारमा आ..व. २०८०।८१ को ईट्टाको दर ३५/प्रति पिस (मू.अ.कर बाहेक ढुवानी समेत) |
| | | | | | | | | **जम्मा** | **२९२५२३७** | |

## बेरूजु दफा ८१ सँग सम्बन्धित विवरण - अनुसूची -८

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ. नं./मिति | भुक्तानी पाउने फर्मको नाम | विवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पूँजिगत | ११८।०८१।३।२४ | जानव सप्लायर्स प्रा.लि.,मोरङ्ग | ल्यापटप तथा प्रिन्टर खरिद | ११२।०८१।३।१७ | २,९०,००० |
| २. | गाउँपालिका पूँजिगत | ११२।०८१।३।२४ | नारायण एण्ड बुद्ध कन्ष्ट्रक्सन, धनकुटा | पञ्चकन्या कृषि सडक (तिवारी भञ्ज्याङ्ग- मानेडाँडा- सानोदुम्बा-अधेरीघाट सडक निर्माण) | ००१।०८१।३।२० | ९,७३,५१० |
| ३. | गाउँपालिका पूँजिगत | ९८।०८१।३।२१ | ग्लोबल धरान प्रा.लि., धरान | एच.डि.पी. पाईप खरिद | २४।०८१।३।८ | ९,९७,२३१ |
| ४. | गाउँपालिका पूँजिगत | ४०।०८१।३।२४ | हर्ज ईन्जिनियरिङ्ग प्रा.लि., काठमाण्डौ | सोलार र ब्याट्री खरिद | ०१०।०८०।११।२४ | ७,९५,९४७ |
| | | | | | **जम्मा** | **३०५६६८८** |

## बेरूजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची -९

| सि.नं. | गो.भौ./मिति | गो.भौ./मिति | परामर्शदाताको नाम | अध्ययनको बिषय | आयोजनाको लागत (मू.अ.कर सहित) | लागत अनुमान (मू.अ.कर सहित) | भुक्तानी रकम (मू.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पूँजिगत | १११।०८१।३।२४ | तिनजुरे कन्सल्टेन्ट एण्ड किल्डर्स, बराहक्षेत्र | Preparation of Survey Report of different roads of Pauwadumba Rural Municipality | ३३८६१२२३।३६ | ४९१९३८।७२ | ४७६००० | |
| २. | गाउँपालिका चालु | ५११।०८१।३।२४ | पूर्बाञ्चल ईन्जिनियरिङ्ग कन्सल्टेन्सीङ ईलाम | मध्यकालिन खर्च संरचना तयारी | लागत आवश्यक नपर्ने | लागत अनुमान तयार नगरेको | ३४६००६ | अन्तिम प्रतिवेदन रिपोर्ट |
| ३. | गाउँपालिका चालु | ३२२।०८१।२।२३ | सुमिरा कन्सल्टेन्सी प्रा.लि., भक्तपुर | आर्थिक बर्ष २०८०।८१ का लागि विभिन्न कानुन निर्माण | ५००००० | लागत अनुमान तयार नगरेको | ४४६३५० | |
| ४. | गाउँपालिका चालु | १७४।०८०।११।१० | नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र, काठमाण्डौ | पौवादुङ्मा गा.पा.को सास्कृतिक अध्ययन | ३९९००० | लागत अनुमान तयार नगरेको | ३९५००० | |
| | | | | | | **जम्मा** | **१६६३३५६** | |

## बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण - अनुसूची -१०

| सि.नं | निर्माण व्यवसायी फर्मको नाम | ठेक्का नं. | बैक ग्यारेन्टी प्रदान गर्ने बैक | बैक ग्यारेन्टी नं. | फछ्र्यौट गर्न बाँकी पेश्की | बैक ग्यारेन्टीको सर्त |
|---|---|---|---|---|---|---|
| 1. | आवरण मेटल ईन्जिनियरिङ्ग कन्ष्ट्रक्सन प्रा.लि., चितवन | Contract No.PRM/NCB/WORK-2080/81-02 | सिटीजन्स बैक लिमिटेड, लाहान | 0108081AP01002 | ६०,८९,७९८।- | IT IS CONDITION FOR ANY CLAIM & PAYMENT UNDER THIS GUARANTEE TO BE MADE THAT THE ADVANCE PAYMENT REFERRED TO ABOVE MUST HAVE BEEN RECEIVED BY THE CONTRACTOR ON ITS ACCOUNT NUMBER 0100100000514201 MAINTAINED AT CITIZEN BANK LIMITED, NARAYANGHAT BRINCH |

## बेरूजु दफा ८४ सँग सम्बन्धित विवरण - अनुसूची -११

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./मिति | फर्मको नाम | बापत | बिजक नं./मिति | भ्याट बाहेक भुक्तानी | मू.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | संघीय सरकार पूँजिगत | ७।०८०।१०।९ | एवाई-आनन्द जे.भी., धनकुटा-५, कर्मीटार (६२०४९१९४५) | तिवारी भञ्ज्याङ्ग मानेडाँडा सानोदुम्मा-अधेरीघाट पञ्चकन्या कृषि सडक स्तरोन्नती | ०१।०८०।१०।०७ | ५२९८०८२।४५ | ४८२१२६ | मिति-२०८० असोजदेखि मू.अ.कर NON-FILLER रहेको |
| २. | गाउँपालिका पूँजिगत | ४६।०८०।१२।२० | ,, ,, | ,, ,, | ०२।०८०।१२।२० | ८९८०२५९।०० | ८१७२०४ | मिति-२०८० असोजदेखि मू.अ.कर NON-FILLER रहेको |
| ३. | गाउँपालिका पूँजिगत | ७२।०८१।२।२४ | ,, ,, | ,, ,, | ०३।०८१।२।२४ | ४४१५२९१।४० | ४०१७९२ | मिति-२०८० असोजदेखि मू.अ.कर NON-FILLER रहेको |
| ४. | गाउँपालिका पूँजिगत | ९४।०८१।३।१९ | ,, ,, | ,, ,, | ०४।मिति उल्लेख नभएको | ८४५२२७३।८४ | ७६९१५७ | मिति-२०८० असोजदेखि मू.अ.कर NON-FILLER रहेको |
| ५. | गाउँपालिका पूँजिगत | १६।०८०।९।२३ | मुक्कुमलुँग कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाण्डौ (६०९९४३३७३) | वडा कार्यालयदेखि बितलव औलिया सडक निर्माण, वडा नं. ४ | ४८।०८०।९।२३ | ६१९३५४।०० | ५६३६१ | मिति-२०८० पौषदेखि मू.अ.कर NON-FILLER रहेको |
| ६. | गाउँपालिका पूँजिगत | १५।०८०।९।२० | ,, ,, | भ्यागुत्ते डाँडादेखि छोकिमाला पुरानो ईन्द्रणी क्लब सडक स्तरोन्नती | ४५।०८०।९।१८ | ७८५०१।०० | १०२०५ | ,, ,, |
| ७. | गाउँपालिका पूँजिगत | १४।०८०।१।१९ | ,, ,, | घिसिङ डाँडादेखि ढकाल टोल कृषि सडक निर्माण तथा स्तरोन्नती | ४३।०८०।९।१८ | ६३३६०।०० | ८२३७ | ,, ,, |
| ८. | गाउँपालिका पूँजिगत | ७।०८०।९।२ | ,, ,, | वडाका बिग्रिएका सडक मर्मत संभार | ४२।०८०।८।२४ | १२४२१२।०० | १६१४८ | ,, ,, |
| ९. | गाउँपालिका चालु | १०७।०८०।९।२३ | ,, ,, | टोल नं. ५,६ र ८ को कृषि सडक स्तरोन्नती | ४७।०८०।९।२३ | ४९००४८।०० | ६३७०६ | ,, ,, |
| | | | | | **जम्मा** | **२८५२१३८१.६९** | **२६२४९३४** | |

## बेरूजु दफा ८६.१ सँग सम्बन्धित विवरण - अनुसूची -१२

| क्र.स. | चौमासिक | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा निकासा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | जेष्ठ नागरिक | 967 | 11499533 | 979 | 11575756 | 994 | 11750650 | 1004 | 11919161 | 46745102 |
| २ | जेष्ठ नागरिक दलित | 81 | 641060 | 82 | 643720 | 82 | 649040 | 81 | 641060 | 2574880 |
| ३ | जेष्ठ नागरिक एकल महिला | 160 | 1276800 | 156 | 1239560 | 156 | 1244348 | 153 | 1201495 | 4962203 |
| ४ | विधवा | 192 | 1515428 | 194 | 1536196 | 198 | 1566208 | 200 | 1577131 | 6194963 |
| ५ | पूर्ण अपाङ्ग | 35 | 418950 | 35 | 415359 | 36 | 426930 | 35 | 397946 | 1659185 |
| ६ | अतिअसक्त अपाङ्ग | 101 | 644784 | 101 | 644784 | 123 | 761824 | 121 | 772464 | 2823856 |
| ७ | वालपोषण दलित | 97 | 149383 | 100 | 149618 | 95 | 145260 | 90 | 138839 | 583100 |
| | **जम्मा** | **1633** | **16145940** | **1647** | **16204993** | **1684** | **16544260** | **1684** | **16648096** | **65543289** |

## बेरूजु दफा ८६.२ सँग सम्बन्धित विवरण - अनुसूची -१३

| लाभग्राहीको प्रकार | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा वितरण रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | |
| ज्येष्ठ नागरिक अन्य | 967 | 11499535 | 979 | 11575756 | 994 | 11746650 | 1004 | 11883576 | 46705517 |
| ज्येष्ठ नागरिक दलित | 81 | 641060 | 82 | 643720 | 82 | 649040 | 81 | 641060 | 2574880 |
| ज्येष्ठ नागरिक एकल महिला | 160 | 1276800 | 156 | 1239560 | 156 | 1244348 | 153 | 1201495 | 4962203 |
| विधवा | 192 | 1515428 | 194 | 1536196 | 198 | 1566208 | 200 | 1575758 | 6193590 |
| पूर्ण अपाङ्गता भत्ता | 35 | 418950 | 35 | 415359 | 36 | 426930 | 35 | 418950 | 1680189 |
| अति अशक्त अपाङ्गता भत्ता | 101 | 644784 | 101 | 644784 | 123 | 761824 | 121 | 772464 | 2823856 |
| दलित बालबालिका | 97 | 149383 | 100 | 149618 | 95 | 145260 | 90 | 138839 | 583100 |
| **जम्मा** | **1633** | **16145940** | **1647** | **16204993** | **1684** | **16540260** | **1684** | **16632142** | **65523335** |

## बेरूजु दफा ८६.३ सँग सम्बन्धित विवरण - अनुसूची -१४

| वडामा भएको खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | 2807381 | 2831682 | 2950383 | 2974827 | 11564273 |
| २ | 2945518 | 2999134 | 3036966 | 3020353 | 12001971 |
| ३ | 2549115 | 2542737 | 2595050 | 2621781 | 10308683 |
| ४ | 2653084 | 2610385 | 2649999 | 2698741 | 10612209 |
| ५ | 2411226 | 2425695 | 2473192 | 2473406 | 9783519 |
| ६ | 2779616 | 2795360 | 2834670 | 2843034 | 11252680 |
| **जम्मा** | **16145940** | **16204993** | **16540260** | **16632142** | **65523335** |